# महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद प्रस्ताव नम्बर १३२५, १८२० र अन्य पूरक प्रस्तावहरुको कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना (२०७६/७७–२०७९/८०)

## १. पृष्ठभूमि

द्वन्द्वको समय र त्यस पश्चातको संक्रमणकालीन अवस्थामा विशेष गरी महिला र बालबालिकाहरु विभिन्न प्रकारका हिंसा, विभेद र जोखिममा परेका हुन्छन् भन्ने कुरा विश्वमा गरिएका अध्ययन र अनुभवहरुले पुष्टि गरिसकेको छ। महिला र बालिका माथी हुने यस प्रकारका हिंसा, विभेद र जोखिम जस्ता विषयहरुलाई सम्बोधन गर्न तथा शान्ति निर्माणको प्रक्रियामा उनीहरुको सहभागिताको प्रर्वद्धन गर्न संयुक्त राष्ट्र संघ सुरक्षा परिषदबाट ३१ अक्टोबर सन् २००० मा प्रस्ताव नं १३२५ पारित गरिएको थियो । यो प्रस्ताव द्वन्द्व र द्वन्द्व पश्चातको शान्ति प्रकृया तथा नीति निर्माणमा महिलाको सहभागिता एवं महिला र बालिकाहरुको सबै प्रकारका अधिकारहरुको संरक्षणका लागि समेत महत्वपूर्ण प्रस्तावको रुपमा रहेको छ ।  त्यसैगरी द्वन्द्व र त्यस पश्चातको संक्रमणकालीन अवस्थामा लैङ्गिक तथा यौनजन्य हिंसाका घटनाहरुबाट प्रभावित महिला र बालिकाहरुको सुरक्षा र पीडितहरुको विशेष आवश्यकतालाई सम्बोधन गर्न दोस्रो प्रस्तावको रुपमा संयुक्त राष्ट्र संघ, सुरक्षा परिषदबाट १९ जुन २००८ मा प्रस्ताव नं १८२० पारित भएको थियो । यो प्रस्तावले विशेष गरी द्वन्द्वको समयमा महिला र बालिका माथी हुने  यौनजन्य हिंसालाई रोकथाम गर्न, यौनजन्य हिंसामा शुन्य सहनशीलता लागू गर्न र आम नागरिकहरुलाई यौन हिंसामा पर्न नदिन आवश्यक उपायहरु अपनाउने जस्ता विषयहरुमा जोड दिएको छ ।

महिला, शान्ति र सुरक्षाको आधार स्तम्भको रुपमा रहेका यी प्रस्तावहरुका अतिरिक्त संयुक्त राष्ट्र संघ, सुरक्षा परिषदले १८८८ (२००९), १८८९ (२००९), १९६० (२०१०), २१०६ (२०१३), २१२२ (२०१३), २२४२ (२०१५), २४६७ (२०१९) र २४९३ (२०१९) गरी अन्य थप पूरक प्रस्तावहरु पारित गरेको छ । यी प्रस्तावहरुले द्वन्द्व रोकथाम र शान्ति निर्माणका हरेक प्रक्रियामा महिलाको नेतृत्व तथा द्वन्द्वकालीन अवस्थामा महिला तथा बालिका माथि हुने यौनजन्य हिंसाहरुको रोकथाम र त्यस्ता घटनाबाट पीडित तथा प्रभावितहरुलाई सम्बोधन गर्नका लागि आधार तयार गरेका छन् । यस सर्न्दभमा नेपाल सरकारले संयुक्त राष्ट्र संघ सदस्य राष्ट्रको हैसियतले नीति, कानून तथा योजनाहरु निर्माण गरी यी प्रस्तावहरुको प्रभावकारी कार्यान्यवनको लागि पहिलो चरणको राष्ट्रिय कार्यायोजना निर्माण गरी त्यसको कार्यान्वयन पनि सम्पन्न भइसकेको छ ।

पहिलो चरणको राष्ट्रिय कार्ययोजना कार्यन्वयनमा आईसके पश्चात नेपालमा नयाँ संविधान जारी भई सो संविधानमामहिला तथा बालबालिकाहरुका विभिन्न हक अधिकारहरुको व्यवस्था गरिएको छ । संविधानको भावना र मर्मलाई समेत ध्यानमा राखि शान्ति निमार्ण प्रक्रियालाई निश्कर्षमा पुर्‍याउन, महिला, शान्ति र सुरक्षाका सम्बन्धमा संयुक्त राष्ट्र संघले पारित गरेका अन्य पूरक प्रस्तावहरुको समेत कार्यान्वयन गर्न

अर्को चरणको राष्ट्रिय कार्ययोजना बनाउन आवश्यक देखिएको छ । त्यसैगरी सन् २०१५ मा संयुक्त राष्ट्र सघंका महासचिवद्वारा गराईएको संयुक्त राष्ट्र संघ, सुरक्षा परिषदबाट पारित प्रस्ताव न. १३२५ को कार्यान्वयन सम्बन्धी विश्व अध्ययन प्रतिवेदन (Preventing Conflict, Transforming Justice, Securing the Peace: A Global Study on the Implementation of United Nations Security Council Resolution 1325) मा सदस्य राष्ट्रहरुलाई महिला, शान्ति र सुरक्षाको सन्दर्भमा यसको विस्तृत र प्रभावकारी कार्यान्वयनका लागि मार्गनिर्देश गरेबाट नेपाल सरकारले अर्को चरणको राष्ट्रिय कार्ययोजना बनाई कार्यन्वयन गर्नु पर्ने विषयलाई आत्मसात गरेको हो । त्यसै गरी पहिलो चरणको कार्ययोजनाका विभिन्न अनुगमन तथा मूल्याँकन प्रतिवेदनहरुको निश्कर्ष, सुझाव र प्रस्ताव नं. १८२० ले जोड दिएका विषयहरुलाई अझ प्रभावकारी रुपमा सम्बोधन गर्नु पर्दछ भन्ने निचोडलाई समेत मध्यनजर गरेर यो दोस्रो चरणको राष्ट्रिय कार्ययोजना निर्माण गरिएको छ । यसको साथै यो कार्ययोजना निर्माणमा नेपाल सरकारले सन् २०३० सम्ममा प्राप्त गर्नुपर्ने दीर्घकालिन विकासका लक्ष्यहरु अर्न्तगतका लक्ष्य न. ३ को स्वास्थ्य र समृद्ध जीवन, लक्ष्य न. ४ को गुणस्तरीय शिक्षा, लक्ष्य न. ५ को लैङ्गिक समानता, लक्ष्य न. १० को असमानता न्यूनीकरण, लक्ष्य न. १६ को शान्ति न्याय र सक्षम निकाय र लक्ष्य नं. १७ को लक्ष्य प्राप्तीका लागि साझेदारी लगायतका प्रतिवद्धताहरुलाई समेत ध्यान दिईएको छ ।

## २. दोस्रो चरणको राष्ट्रिय कार्ययोजना निर्माणको आवश्यकता र महत्व

विगतमा नेपालमा भएको सशस्त्र द्वन्द्व र तत्पश्चात मुलुकका विभिन्न स्थानमा भएका अन्य आन्दोलनका घटनाहरुमा महिला तथा बालबालिकाहरु प्रभावित भएका थिए । द्वन्द्वको समयमा महिला र बालिकाहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा वा परिस्थितिजन्य कारणबाट जोखिमपूर्ण जीवन वाँच्न बाध्य भएको र उनीहरु यौनजन्य हिंसा तथा अन्य लैङ्गिक हिंसाको जोखिममा परेको तथ्यलाई विभिन्न घटना तथा सर्न्दभहरुले समेत उजागर गरेका छन् । द्वन्द्वको क्रममा महिला र बालिकाहरुले शारीरिक तथा मानसिक हिंसा, यौनजन्य हिंसा जस्ता दुर्व्यवहारहरु व्योर्होनु परेको र द्वन्द्वसंग जोडिएका उनीहरुका अनुभव र अनुभूति पनि फरक रहने हुँदा उनीहरुका फरक आवश्यकतालाई विशेष तरिकाबाट नै सम्बोधन गर्नु पर्ने हुन्छ । यसका लागि द्वन्द्वको समयमा भएका यौनजन्य हिंसा तथा बलात्कारका घटनाहरु र अन्य लैङ्गिक विभेदपूर्ण व्यवहारहरुको अभिलेखीकरण र लेखाजोखा गरी द्वन्द्व प्रभावित महिला र बालिकाहरुको समष्टिगत आवश्यकता पहिचान गरी दीर्घकालीन तथा अल्पकालीन राहत र पुन:स्थापनाका कार्यक्रमहरु तयार गर्नुपर्ने देखिएको हुदाँ यो राष्ट्रिय कार्ययोजना निर्माण गरिएको छ । यो राष्ट्रिय कार्ययोजना तयार गर्दा नेपालको संविधानमा मौलिक हकहरुको व्यवस्था, राज्यका निर्देशक सिद्धान्त र नीति, दिगो विकासका लक्ष्यहरु तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरुलाई ध्यानमा राख्दै संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको महिला, शान्ति र सुरक्षा सम्वन्धी प्रस्तावहरुलाई आन्तरिकीकरण गरी कार्यान्वयन पक्षमा बढि जोड दिईएको छ ।

## ३. नेपालमा महिला, शान्ति र सुरक्षा सम्बन्धी संबैधानिक र कानूनी व्यवस्था

## ३.१ संवैधानिक व्यवस्था

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलाको हकलाई मौलिक हक रुपमा सुनिश्चित गर्दै महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक र राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको व्यवस्था गरेको छ । संविधानको मौलिक हकमा समानता, सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने संवैधानिक हकको ब्यवस्था गरिएको छ । संविधानमा सबैलाई धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण विरुद्धको हक र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हकको व्यवस्था गरिएको छ । त्यसैगरी राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त हुने र सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतिको समान हक हुने जस्ता प्रावधानहरु पनि रहेका छन् ।

सामाजिक न्यायको हक अन्तर्गत नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि सबै जनआन्दोलन, सशस्त्र संघर्षका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, विस्थापित, अपांगता भएका व्यक्ति, घाईते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ । सामाजिक सुरक्षाको हक अन्तर्गत आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय, एकल महिला, अपांगता भएका बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने प्रावधान रहेको छ । संविधानले सुनिश्चित गरेका यी हकहरुले द्वन्द्व र त्यसपछिको संक्रमणकालीन समयमा महिला र बालिकाहरुको अधिकारको सुरक्षा र महिला हिंसाको रोकथाम गर्ने विषयलाई प्राथमिकतापूर्ण रुपमा सम्बोधन गरिएको छ ।

## ३.२ कानूनी व्यवस्था

राज्यले लैङ्गिक हिंसालाई निराकरण गर्न विभिन्न नीति, कानून र कार्ययोजनाहरु बनाई कार्यान्वयन गर्दै आएको छ । महिला विरुद्ध हुने हिंसाहरु, जबरजस्ती करणी, शरीर बन्धक, मानव बेचविखन तथा ओसारपसार जस्ता अपराधलाई राज्य विरुद्ध हुने गम्भीर फौजदारी अपराधको रुपमा परिभाषित गरी कसूरदारलाई कठोर सजायको व्यवस्था गरिएकोछ । संविधानको मौलिक हक कार्यान्वयनको लागि विभिन्न कानूनहरु निर्माण प्रकियामा छन् । अपराध पीडित संरक्षण ऐन, २०७५ मा अपराध पीडितको न्यायको अधिकार सुनिश्चित गरी जबरजस्ती करणी, मानव बेचविखन, यौन दुर्व्यवहार जस्ता कसूरको अनुसन्धान, तहकिकात , अभियोजन र अदालती कारबाहीको सिलसिलामा गोपनीयताको अधिकार , सुरक्षित हुन

पाउने अधिकार , सुनवाइको सिलसिलामा छुट्टै कक्षमा रहन पाउने अधिकार, कानून बमोजिम  सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने व्यवस्था गरी पीडितको हक हितको संरक्षण गरेको छ ।

घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा पीडितले अनुरोध गरेमा उजुरी सम्बन्धी कारवाही र सुनवाइ अदालतले बन्द इजालसमा गर्नु पर्ने , पीडितलाई तत्काल संरक्षण दिन अदालतले उजुरीको अन्तिम निर्णय नभएसम्मको लागि पीडकको नाममा अन्तरिम संरक्षणत्मक आदेश जारी गर्न सक्ने व्यवस्था गरेको छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ मा यौन तथा प्रजनन शिक्षा, सुचना र सेवाको अधिकार स्थापित गरेको छ ।  वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ मा व्यक्तिको सार्वजनिक तथा नीजि जीवनको गोपनीयता जस्ता विषयहरु समेटिएका छन् । जनस्वास्थ्य ऐन, २०७५ ले नेपालको संविधानले प्रत्याभुत गरेको नियमित निशुल्क स्वास्थ्य सेवा पाउने हकको कार्यान्वयनमा जोड दिएको छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन, २०७४ ले उनीहरुको सशक्तिकरण गरी नीति निर्माण र विकास प्रक्रियामा सहभागी गराउने र सम्मानजनक जिवन यापन गर्ने वतावरण सृजना गर्ने व्यवस्था गरेको छ । बाल अधिकारको प्रत्याभूतिका बालबालिका सम्वन्धी ऐन, २०४८ समेत कार्यान्वयनमा रहेको छ ।  कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ ले सुरक्षित र मर्यादित वातावरणमा काम गर्न पाउने अधिकारको सुनिश्चितता गरेको छ । मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले यसमा संलग्न कसूरदारलाई कठोर सजायको व्यवस्था गरेको छ । कानूनी  सहायता  सम्वन्धी ऐन, २०५४ अर्न्तगत कानूनी  साहयता कोषको स्थापना गरिएको छ ।

नेपाल सरकारले द्वन्द्वकालीन समयका घटनाहरुको उजुरी, अनुसन्धान, मेलमिलाप र अभियोजनका कार्यहरुलाई सरकार समक्ष सिफारिस  गर्न सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिको छानविनका लागि आयोग गठन भई कार्यरत रहेका छन् ।  द्वन्द्वको समयमा मानव अधिकारको गंभिर उल्लघंन तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरुको बारेमा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, सो घटनाबाट पीडित व्यक्तिलाई न्याय प्रदान गर्न र समाजमा मेलमिलापको वातावरण तयार गर्ने उद्देश्यका लागि  आयोगहरु कार्यरत छन् ।

नेपाल सरकारले अवलम्बन गरेका विभिन्न नीति तथा कार्यक्रमहरुले प्रत्यक्ष वा अप्रत्यक्षरुपमा महिला , शान्ति र सुरक्षा सम्बन्धी विषयहरुलाई सम्बोधन गर्ने प्रयास गरेका छन् । लैङ्गिक हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजना, महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धीको कार्यान्वयन सम्बन्धी राष्ट्रिय कार्ययोजना, लैङ्गिक समानता र महिला सशक्तिकरण सम्बन्धी राष्ट्रिय कार्ययोजना, कानूनी सहायता नीति, राष्ट्रिय रोजगार नीति, पाँचौ पञ्च वर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजना, मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी राष्ट्रिय कार्ययोजना लगायत विभिन्न आवधिक योजनाहरु यस सन्दर्भमा उल्लेखनीय छन् ।

## ३.३ पन्धौ योजना (२०७६/७७–८०/८१)

यस योजनाले लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवन यापनको वातावरणको सुनिश्चितता गर्ने, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्ने, आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता, नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर र लाभमा महिलाको समान पहुँच स्थापित गर्ने लक्ष्य लिएको छ। ती लक्ष्यहरु प्राप्त गर्न महिलाहरुको हक अधिकार संरक्षणको लागि लैङ्गिक हिंसा निवारण लगायत आवश्यक नयाँ कानूनहरुको निर्माण गर्ने, विभेदकारी कानूनहरुको परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गर्ने, महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद र वहिष्करण विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरी तिनको रोकथाम एवं नियन्त्रणका लागि कानूनी उपचार प्रणालीलाई सहज, छरितो र सबैको लागि पहुँच योग्य बनाउने रणनीति तर्जुमा गरेको छ। महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि निरोधात्मक, संरक्षणात्मक उपायद्वारा न्यायमा पहुँच वृद्धि गर्ने, असाहय, अशक्त र जोखिममा परेका नागरीकहरुको संरक्षण गर्ने, शिक्षा र स्वास्थ्यलाई राज्यको जिम्मेवारी भित्र ल्याउदै पहुँच सहितको गुणस्तरीय शिक्षा र स्वास्थ्य, सामाजिक सुरक्षा तथा संरक्षणको माध्यमबाट विकास र समृद्धि हासिल गर्ने, कुनै पनि कारणले वीचैमा पढाई छोड्नु पर्ने अवस्थाको अन्त्य गर्ने जस्ता नीतिहरु अवलम्बन गरेको छ। साथै योजनाले सबैका लागि मर्यादित रोजगारीका अवसरहरु सृजना गर्ने, सुरक्षित मातृत्व र सुरक्षित गर्भपतन लगायतका सेवालाई अधिकारमुखी कार्यक्रमको रुपमा विकास गर्ने, विद्यमान कानून तथा संस्थागत व्यवस्थाहरुमा सुधार गर्ने र राज्यका सबै संरचनाहरुलाई अपागंमैत्री बनाउने लगायतका रणनीतिहरु रहेका छन्।

## ४. सयुक्त राष्ट्र संघ, सुरक्षा परिषदबाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना (२०६७/६८ –२०७१/२०७२) को उपलब्धी

पहिलो चरणको कार्ययोजनाको कार्यान्वयनमा केही महत्वपूर्ण कार्यहरु सम्पन्न भएका छन् र यसबाट महिला, शान्ति र सुरक्षाको क्षेत्रमा केही उल्लेखनीय प्रगती र उपलब्धी हासिल भएका छन्। देहायका परिच्छेदहरुमा राष्ट्रिय कार्ययोजनाका पाँच वटा स्तंभहरुका सम्बन्धमा प्राप्त उपलब्धी र केही कमी कमजोरीहरुको बारेमा उल्लेख गरिएको छ।

### ४.१ सहभागिताः

राष्ट्रिय कार्ययोजनाले निर्दिष्ट गरेको एउटा महत्वपूर्ण स्तम्भको रुपमा रहेको महिला सहभागिताको क्षेत्रमा उल्लेखनीय उपलब्धी हासिल भएको छ। नेपालको संविधानले समानताको हक सुनिश्चित गर्नु, लैङ्गिक मैत्री नीति तथा कानूनहरु निर्माण हुनु, राज्यका तीनै तहमा महिलाको राजनैतिक सहभागिता उत्साहजनक

रुपमा वृद्धि हुनु, राष्ट्रिय महिला आयोग संवैधानीक अधिकारमा वृद्धि हुनु यस क्षेत्रमा भएका केही महत्वपूर्ण उपलब्धीहरु हुन् । नेपालका विद्यमान नीति तथा कानूनहरुले महिलाको आर्थिक तथा सामाजिक जीवनमा सारभुत समानता कायम गरेको छ भने राज्यका महत्वपूर्ण पदहरुमा महिलाको नेतृत्व र सहभागितामा उल्लेखनीय वृद्धि भएको छ । संविधानले राज्यको सबै निकायहरुमा महिलाको समानुपातिक र समावेशी सहभागितालाई मौलिक हकमा सुनिश्चित गरे अनुरुप स्थानीय तह देखि नै महिलाको सहभागिता र नेतृत्व स्थापित भएको छ। यसका अतिरिक्त राज्यका सबै तहहरुमा लैङ्गिक मुलप्रवाहिकरण गर्ने, सुरक्षा निकायका आधारभूत तालिमहरुमा कार्ययोजनालाई समावेश गर्ने, सुरक्षा निकायहरुमा लैङ्गिक ईकाईको स्थापना गर्ने, लैङ्गिक मैत्री संरचनाहरुको निर्माण गर्ने जस्ता कार्यहरुमा भएको प्रगतिलाई यस स्तम्भमा भएका महत्वपूर्ण उपलब्धीहरुका रुपमा लिन सकिन्छ । तर यस स्तम्भ अर्न्तगत प्राप्त उपलब्धीहरुलाई अझ संस्थागत तथा दीगो बनाउदै उनीहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्न आवश्यक रहेको छ । महिला अधिकार सम्बन्धका सचेतना लगायतका लैङ्गिक मैत्री कार्यक्रमहरु शहरका अतिरिक्त गाउँ तहसम्म पु¥याउन आवश्यकता महसुस गरिएको छ ।

## ४.२ सुरक्षा र रोकथामः

सुरक्षा र रोकथाम स्तम्भ तर्फ पनि केही महत्वपूर्ण उपलब्धी हासिल भएका छन् जसले महिला तथा बालिका विरुद्धका हिंसाको रोकथाम र पीडितहरुको सुरक्षामा थप सहयोग पुगेको छ । यस तर्फ महिला तथा बालिका विरुद्धका हिंसाको रोकथामका लागि भएका नीतिगत ब्यवस्थाहरु  र पूर्वाधार निर्माणका विषयहरु अझ महत्वपूर्ण रहेका छन् । सरकारद्धारा महिला हिंसा रोकथाम तथा नियन्त्रण गर्न सुरक्षा निकायहरुमा स्थापित गरिएका संस्थागत संयन्त्र जस्तै महिला तथा बालबालिका सेल,  शिघ्र उद्धार टोली र यसका लागि प्रदान गरिएका स्रोत  साधनहरुले  हिंसा रोकथाम लगायतका सेवा प्रवाहको गुणस्तरलाई अझ बढाएको तथ्य यस सन्दर्भमा उल्लेखनीय छन् ।

यसका अतिरिक्त सरकारले महिला तथा बालिकाविरुद्धका हिंसाका पीडितहरुलाई सुरक्षा गृहहरु मार्फत सहयोग पु¥याउँदै आएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले एकद्वार संकट व्यवस्थापन केन्द्र र प्रधानमन्त्री तथा मन्त्री परिषद कार्यालयको लैङ्गिक सशक्तिकरण ईकाई तथा राष्ट्रिय महिला आयोगले महिला तथा बालिका विरुद्धका हिंसाका पीडितहरुलाई निशुल्क कानूनी मनोसामाजिक सेवा पु¥याउने कार्यहरुलाई यस स्तम्भका उपलब्धीहरुको रुपमा लिन सकिन्छ ।

यसका बावजुद महिला माथि हुने व्यवहारगत विभेदहरु पुर्णरुपमा हट्न नसक्नु, परम्परागत हानिकारक अभ्यास तथा लैङ्गिक विभेदलाई प्रश्रय दिनेखालका सामाजिक मूल्य मान्यता तथा महिला विरुद्धका प्रथा र परम्पराहरु केही हदसम्म अझै पनि कायमै रहेका छन् । त्यसैगरी द्वन्द्धप्रभावित महिलाहरुको पुनःस्थापना, पुनःएकिकरणका कार्यक्रमहरु प्रभावकारी हुन नसक्नु, हिंसामा परेका महिला तथा बालिकाहरुको संरक्षण र सुरक्षामा यथोचित प्रगती हुन नसक्नु पहिलो राष्ट्रिय कार्ययोजना कार्यन्वयनका कमजोर पक्षहरु हुन् ।

अझै पनि द्वन्द्वको समयका बलात्कार तथा यौन हिंसाका पीडित तथा प्रभावितहरुको समष्टिगत आवश्यकता पहिचान गरी सम्बोधन हुन बाकी रहेको छ । द्वन्द्वकालीन समयमा भएका यौनजन्य हिंसा तथा लैङ्गिक हिंसाका पीडितहरुको पहिचान गरी उनीहरुको तत्कालीन र दीर्घकालिन  आवश्यकतालाई प्रभावकारी ढंगबाट सम्बोधन गर्नु प्रमुख चुनौती रहेको छ ।

## ४.३ प्रवर्द्धन

यस स्तम्भ अर्न्तगत राज्यका विभिन्न संरचना र प्रक्रियाहरुमा महिलाको सहभागिता र स्रोत साधनहरुमा महिलाको पहुँच वृद्धि गर्नको लागि कानूनको पुनरावलोकन गर्ने, नीतिहरुको समिक्षा गर्ने र महिला अधिकारको सुरक्षा र प्रवर्द्धनका लागि नयाँ कानूनहरुको निर्माण गर्ने प्रयासहरु भएका छन् । राष्ट्रिय कार्ययोजनाको जानकारीलाई विभिन्न भाषामा अनुवाद गरी प्रचारप्रसार गर्नुका साथै व्यापक रुपमा सचेतना कार्यक्रमहरुको आयोजना गरी महिला, शान्ति र सुरक्षा लगायतका विषयहरुमा सचेतना अभिवृद्धिमा सहयोग पुगेको छ । औपचारिक, अनौपचारिक शिक्षाका पाठ्यक्रमहरुमा महिला, शान्ति र सुरक्षा विषयहरुको समावेश गरिएका कार्यहरु यस स्तम्भ अन्तर्गतका केही मुख्य उपलब्धीहरु रहेका छन् ।

तर अझै पनि द्वन्द्वको क्रममा महिला तथा बालिका माथि भएका यौनजन्य हिंसा तथा लैङ्गिक हिंसाका घटनाहरुको खण्डिकृत तथ्याँकहरु उपलब्ध हुन नसक्नु तथा विभिन्न तह र क्षेत्रबाट संचालित कार्यक्रमहरु वीच समन्वय र प्रभावकारी अनुगमन हुन नसक्नु यसका प्रमूख कमजोरीहरु रहेका छन् ।

## ४.४ राहत तथा पुनःप्राप्ति

द्वन्द्वबाट प्रभावित महिला तथा बालिकाहरुका लागि आर्थिक राहतका प्याकेज, स्वास्थ्य, औषधी उपचार, जीविकोपार्जनको लागि सीपमूलक तालिम र स्वरोजगार कार्यक्रमहरु, बालबालिकाका लागि छात्रवृत्ति, क्षमता विकास तालिम र औपचारिक तथा अनौपचारिक कार्यक्रमहरुका माध्यमबाट राहत र सहयोग उपलब्ध गराइदै आएको छ । सरकारले द्वन्द्वका कारण मृतक, घाइते, अपांगता भएका व्यक्ति, एकल महिला, पूर्व लडाकुहरुलाई नियमित वा एकमुष्ट रुपमा राहत तथा क्षतिपूर्तिका कार्यक्रमहरु संचालन गर्दै आएको छ भने रोजगार, तालिम जस्ता कार्यक्रमहरुबाट सशक्तिकरण गर्ने र समाज तथा परिवारमा पुनःस्थापित गर्ने कार्यक्रमहरु समेत संचालन गरेको छ ।

तर द्वन्द्वको कारणबाट यौनजन्य हिंसा तथा लैङ्गिक हिंसाका घटनाहरुमा परेका महिला तथा बालिकाहरुको छुट्टै तथ्याँक उपलब्ध नभएको कारणबाट उनीहरुको विशिष्ट आवश्यकताको सम्बोधन गर्ने र सरकारद्धारा संचालित कतिपय कार्यक्रम र सेवाहरुमा उनीहरुलाई आवद्ध गर्न सकिएको छैन ।

### ४.५ स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्यांकन

कार्ययोजनाको पाँचौ स्तम्भको रुपमा रहेको स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्यांकन अन्तर्गत विभिन्न उपलब्धीपूर्ण कार्यहरु भएका छन् । नेपाल सरकार, सयुक्त राष्ट्र संघीय संस्थाका अतिरिक्त विकास साझेदारहरुको संयुक्त कोषबाट राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको लागि संयुक्त कोषबाट महत्वपूर्ण कार्यहरु सम्पन्न भएका थिए ।

यसको अतिरिक्त सो क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुसंगको सहकार्यको प्रयासले कार्ययोजना कार्यान्वयनमा महत्वपूर्ण सहयोग पुग्न गएको थियो । यस्तो सहकार्यले महिला, शान्ति र सुरक्षा सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने, महिला तथा बालिकाको अधिकार संरक्षणमा पैरवी तथा वकालत गर्ने, महिला सशक्तिकरणका लागि क्षमता विकास र सीप विकासका क्रियाकलापहरु संचालन गर्ने कार्यमा महत्वपूर्ण उपलब्धी हासिल भएको छ ।

यस क्षेत्रमा गरिएका स्रोत तथा साधनहरुको परिचालनमा समन्वय र सहकार्य जस्ता केही मुख्य विषयहरुमा सुधार गर्न आवश्यक देखिएको विषयलाई अनुगमन प्रतिवेदनहरुले औंल्याएका छन् ।

## ५. दोस्रो चरणको राष्ट्रिय कार्ययोजनाको प्राथमिकताका क्षेत्रहरु

पहिलो पाँच वर्षे कार्ययोजनाको समाप्ति पश्चात पनि त्यो कार्ययोजनाले लिएका कतिपय रणनीतिक विषयहरुको महत्व यथावत रहेको परिपेक्ष्यमा दोस्रो चरणको कार्ययोजनामा समेत ती रणनीतिक विषयहरुलाई चारवटा स्तंभहरु मार्फत निरन्तरता दिंदै त्यसका उद्देश्य र कार्यक्रमहरु तय गरिएका छन् । ती रणनीतिक विषयहरुलाई यहाँ छोटकरीमा प्रस्तुत गरिएको छ ।

### ५.१ सहभागिताः

नेपालको संविधानले समानुपातिक सहभागिताको हकलाई सुनिश्चित गरेको छ । सो प्रावधान अनुसार राज्यका सबै निकायमामा, महिलाको सहभागिता सुनिश्चित गर्न नीतिगत तथा कानूनी व्यवस्था गर्न आवश्यक छ । राज्यका निकायहरुमा महिलाको उल्लेख्य सहभागिता भएता पनि उनीहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न र राज्यका अन्य निकायहरु, जस्तो सुरक्षा, संचार, उद्योग, व्यापार, निजी क्षेत्र र अन्य विभिन्न पेशागत क्षेत्रहरुमा समेत महिलाको सहभागिता वृद्धि हुनु आवश्यक छ । तसर्थ, एकातर्फ महिलाहरुको क्षमता अभिवृद्धि गर्दै सशक्तिकरण गर्नुपर्ने आवश्यकता छ भने अर्कोतर्फ शान्ति निर्माण र विकासका हरेक पक्षहरुमा सङ्ख्यात्मक एंव गुणात्मक दुवै रुपमा द्वन्द्व प्रभावित महिलाहरुको समेत

सहभागिता सुनिश्चित गरिनु पर्दछ। कार्ययोजना अर्न्तगत रहेको यस सहभागिता स्तम्भले पहिलो चरणमा सुधार गर्न आवश्यक देखिएका विषयहरुलाई विशेष प्राथमिकतामा राखेको छ।

## ५.२ सुरक्षा र रोकथाम

नेपालमा यौनजन्य हिंसा तथा लैङ्गिक हिंसामा परेका महिला तथा बालिका माथि को अपराधलाई निराकरण गर्ने काय अझै पनि चुनौतीपूर्ण रहेको छ। यसका लागि उनीहरुको सुरक्षा र रोकथामका विषयहरुलाई अझ सशक्त र प्रभावकारी ढंगबाट सम्बोधन गर्नु वाञ्छनीय हुन्छ। यसै गरी सशस्त्र द्वन्द्वको समयमा महिला तथा बालिकामाथि भएका यौन हिंसा तथा बलात्कारका पीडितलाई सम्बोधन गर्ने संक्रमणकालीन न्याय प्रणालीलाई लैङ्गिक दृष्टिकोणले संवेदनशील बनाउनु पर्ने आवश्यकता रहेको छ। हिंसाको जोखिममा रहेका महिलाको सुरक्षा गर्नु र हिंसाका कारणको पहिचान गरी भविष्यमा नदोहोरिने कुराको सुनिश्चितता गर्न विद्यमान संरचनाहरुको सुदृढिकरण तथा सेवाको विस्तार र लैङ्गिक संवेदनशिलताको सुनिश्चितता गर्न आवश्यक छ। यसका लागि सुरक्षा र रोकथामका प्रभावकारी उपायहरुको खोजी गर्ने, संरचनाहरुको विस्तार तथा सुदृढिकरण गर्ने र लैङ्गिक संवेदनशिलताको सुनिश्ति गर्ने कार्यका लागि समेत यस स्तम्भको क्रियाकलापहरुको निरन्तरता आवश्यक देखिएको छ।

## ५.३ राहत तथा पुनःप्राप्ति

द्वन्द्वको समयमा महिला तथा बालिकामाथि भएका बलात्कार तथा यौनजन्य हिंसाबाट सृजित  पीडालाई उचित सम्बोधन गर्ने विभिन्न उपायहरु मध्ये राहत तथा पुनःप्राप्ति पनि एक हो। यसका लागि उनीहरुको आत्मसम्मान हुने गरी जीविकोपार्जन र सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनु पर्दछ भने दीर्घकालीन सोच सहित परिपुरणका कार्यक्रमहरुको आवश्यक पर्दछ । द्वन्द्वका कारण यौनजन्य हिंसा तथा बलात्कारजन्य घटनामा परेकाहरुका लाग्रि पर्याप्त र उचित सम्बोधन हुन सकेको छैन। तसर्थ बलात्कृत तथा यौन हिंसा पीडित महिला तथा बालिका  केन्द्रित  राहत तथा पुनःप्राप्तिका कार्यक्रमहरु ल्याउन जरुरी हुन्छ। यस  स्तम्भमा  द्वन्द्व प्रभावित महिलाहरुलाई आवश्यक रोजगारीको अवसर, सीपमूलक तालिम र उनीहरुका विशेष आवश्यकता र क्षमता अनुसारका कार्यक्रमहरु बनाई द्वन्द्वको असरलाई दीर्घकालीन रुपमा न्यूनीकरण गर्ने क्रियाकलापहरुमा जोड दिइएको छ । मनोविमर्श, सामाजिक पुनःस्थापना, पारिवारिक पुनःएकीकरण लगायत उनीहरुको रुची, क्षमता, आवश्यकता र बजारको संभाव्यतालाई ध्यानमा राखी सो अनुरुपको स्वरोजगारमूलक तथा सीपमूलक कार्यक्रमहरु समेत प्राथमिकतामा रहेका छन्। यस  स्तम्भमा विशेक्ष ागरी द्वन्द्वका कारण यौनजन्य हिंसामा परेका महिला र बालिकाका लागि अल्पकालीन र दीर्घकालीन स्वरुपका राहत तथा पुनःप्राप्तिका कार्यक्रमहरु समावेश गरिएको छ।

## ५.४ क्षमता विकास, स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्यांकन

यस कार्ययोजनामा उल्लेखित क्रियाकलापहरुको कार्यान्वयनको लागि आवश्यक पर्ने स्रोतसाधनहरुको व्यवस्थापन नेपाल सरकार, विकाससाझेदार र निजि क्षेत्रबाट सुनिश्चित गरी कार्यान्वयनसंग सम्बद्ध सरोकारवालाहरुको क्षमता विकास गर्न आवश्यक छ ।

कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि सबै क्षेत्रबाट परिचालित स्रोत र साधनहरुको सहकार्य र समन्वय, पारदर्शिता एवंम जवाफदेहिता हुन आवश्यक हुन्छ । कार्ययोजनाको सफल कार्यान्वयनको लागि नतिजामुलक अनुगमन तथा मूल्याँकन गरी यसको प्रतिवेदन नियमित रुपमा सार्वजनिक हुनु आवश्यक छ । यी सबै प्रक्रियाहरुमा पीडित तथा प्रभावितहरुको संलग्नता हुन आवश्यक छ भने कार्यान्वयनका प्रक्रियाहरु लैंङ्गिक मैत्री हुनु पर्दछ । तसर्थ यस स्तम्भ अर्न्तगत स्रोतहरुको सुनिश्चितता, कार्यान्वयन गर्ने जिम्मेवार निकायहरुका लागि क्षमता अभिवृद्धिका कार्यक्रहरु तथा प्रभावकारी अनुगमनका प्रक्रिया र संरचनाहरुको व्यवस्थापनका विषयहरुलाई समेटिएको छ ।

## ६. राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा समन्वय र सहकार्य

पहिलो चरणको राष्ट्रिय कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गर्ने क्रममा सरकारी निकाय, विकासका साझेदार, गैरसरकारी संस्था र नागरिक समाजसंग सहकार्य भएको थियो । प्रस्तुत दोस्रो चरणको राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनमा समेत त्यस्तो सहकार्यको निरन्तरताको सुनिश्चितता हुन आवश्यक हुन्छ । यस राष्ट्रिय कार्ययोजना कार्यान्वयनको परिणाममुखी कार्यान्वयनका लागि स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारको तहमा पारस्परिक सहकार्य र समन्वयका साथै विकास साझेदार गैरसरकारी संस्था र सरोकारवालाहरुसंगको सहकार्य र समन्वयलाई सुनिश्चित गरिनेछ ।

## ७. दोस्रो राष्ट्रिय कार्ययोजना

### ७.१ परिभाषा

१. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्ययोजनामा -

(क) "अपाङ्गता मैत्री" भन्नाले द्वन्द्वका कारण अपाङ्गता भएका महिला तथा बालिकाले सरकारी तथा गैरसरकारी निकायहरुबाट प्रदान गरिने सबै प्रकारका सेवा, सुविधा, सूचना वा पहुँच सहज रुपले प्राप्त गर्न सक्ने गरी तयार गरिएको उपयुक्त वातावरण तथा संरचनालाई सम्झनु पर्छ ।

ख) "आश्रय गृह" भन्नाले द्वन्द्वका कारण मानसिक अवस्था ठीक नभएको, अशक्त वा अपाङ्गता भएको र आफ्नो वासस्थान गुमाई पुन:स्थापना हुन नसक्ने महिला वा बालिकालाई राख्न व्यवस्था गरिएको आवास गृह सम्झनु पर्छ ।

ग) "एकल महिला" भन्नाले द्वन्द्वको क्रममा पति मारिएका वा वेपत्ता पारिएका महिला सम्झनु पर्छ ।

(घ) "द्वन्द्वपीडित तथा प्रभावित महिला वा बालिका" भन्नाले सशस्त्र द्वन्द्वका कारणले देहायको अवस्थाबाट पीडित महिला वा बालिका सम्झनु पर्छ :

(१) आफू अध्ययनरत विद्यालय कब्जा भएको वा डर वा त्रासको स्थिति सृजना भएको वा शिक्षकहरू विस्थापित भएको वा अन्य कारणले गर्दा अध्ययन गर्न नपाएका महिला वा बालिका,

(२) आफ्नो थातथलोबाट विस्थापित महिला वा बालिका र बेचविखनमा परेका महिला वा बालिका

(३) एकल महिला

(४) द्वन्द्वको क्रममा यौनहिंसा वा बलात्कारमा परि पारीवारिक वा सामाजिक रुपमा बहिष्कृत भई एक्लो जीवन विताउन वाध्य भएका महिला वा बालिका वा द्वन्द्वकै अन्य कुनै कारणले एकल अवस्थामा रहेका महिला ।

(५) द्वन्द्व सम्बन्धी कुनै अभियोगमा अदालतमा मुद्दा दर्ता भएका महिला वा बालिका,

(६) पति वा अभिभावक वा परिवारका कुनै सदस्यको मृत्यु भएका महिला वा बालिका,

(७) पति वा अभिभावक वा परिवारबाट बिछोड भएका महिला वा बालिका,

(८) बारुदी सुरुङ वा विस्फोटक पदार्थ विस्फोटन भएको वा हतियारको प्रयोग वा अन्य कुनै कारणले आफ्नो पति वा अभिभावक वा आफैं घाइते, अङ्गभङ्ग वा अपाङ्गता भएका महिला वा बालिका,

(९) मानसिक रुपमा पीडित महिला वा बालिका,

(१०) यौन शोषणमा परेका वा जबरजस्ती करणीको घटनाबाट पीडित भएका महिला वा बालिका

(११) यौन शोषण वा जबरजस्ती करणीका कारणबाट गर्भधारण गर्न, वच्चा जन्माउन वा जवरजस्ती गर्भपतन गराउन वाध्य भएका महिला वा बालिका वा यसैका कारण जन्मिएका बालबालिका,

(१२) प्रचलित कानून बमोजिम राज्यद्वारा स्थापित सशस्त्र सुरक्षा फौज, र अन्य सशस्त्र समूह वा सो संग आबद्ध भएको वा त्यस्तो फौज वा समूहलाई सहयोग गरेको आशङ्कामा कारवाहीमा परेका महिला वा बालिका,

(१३) हाल सुरक्षा गृह वा बाल सुधार गृह वा बाल गृहमा रहेका वा निश्चित समय पश्चात बाहिर रहेका महिला वा बालिका,

(१४) हिरासतमा परेका वा कैदको सजाय भोगेका, वा यातना पाएका वा अपहरणमा परेका महिला वा बालिका,

(ङ) "द्वन्द्वसंग सम्वन्धीत यौनजन्य हिंसा" भन्नाले द्वन्द्वको समयमा जबर्जस्ती गरिने कुनैपनि किसिमको यौनजन्य दुर्व्यवहार सम्झनु पदर्छ र सो शब्दले जवर्जस्ती यौनक्रिया गर्ने प्रयास, जवर्जस्ती करणी, जवर्जस्ती गर्भधारण तथा गर्भपतन, अश्लिल शब्दको प्रयोग वा व्यवहार, निर्वस्त्र पार्ने कार्य, बेचविखन तथा बेचविखन उद्योग, जबर्जस्ती विवाह तथा कुनैपनि व्यक्तिको यौनिकताको विरुद्ध गरिने कार्यलाई जनाउँछ र सो शब्दले सहमति लिई वा नलिई महिला तथा बालिकामाथि गरिने सबै प्रकारका यौनजन्य हिंसालाई समेत जनाउने छ ।

(च) "परामर्श सेवा केन्द्र" भन्नाले द्वन्द्वका कारण लैङ्गिक तथा यौनजन्य हिंसा वा जोखिममा परेका महिला वा बालिकालाई आवश्यक परामर्श, सूचना तथा सिफारिस जस्ता सेवाहरु उपलब्ध गराउन स्थापित सेवा केन्द्र सम्झनु पर्छ ।

(छ) "पुनःस्थापन, पुनःएकीकरण" भन्नाले सशस्त्र द्वन्द्वबाट प्रभावित महिला वा बालिकाको हकहित संरक्षणका लागि परिवार वा समाजमा पुनःस्थापित गराई उपलब्ध अवसरहरू उपयोग गर्न सक्ने र प्रभावकारी भूमिका निर्वाह गर्न सक्षम बनाउने कार्यलाई सम्झनु पर्छ ।

(ज) "पुर्व महिला लडाकु" भन्नाले विस्तृत शान्ति सम्झौता अनुसार अस्थायी शिविरमा रही संयुक्त राष्ट्र संघको प्रमाणीकरणबाट योग्य नठहरिई वहिर्गमन भएका वा योग्य ठहरी नेपाल सरकारबाट उपलब्ध गराईएको राहत प्याकेज प्राप्त गरेका वा नगरेका, वा समायोजनमा नपरी समाज वा परिवारमा सम्मिलन गर्नु पर्ने महिला र बालिका सम्झनु पर्छ ।

(झ) "महिला मैत्री" भन्नाले महिलाले सेवा प्रदायक सरकारी तथा गैरसरकारी निकायमा निसंकोच रुपमा आफ्ना भावना प्रस्तुत गर्न सक्ने गरी वा सूचना, सेवा वा सुविधा सहज रुपले प्राप्त गर्न सक्ने गरी तयार गरिएको सार्वजनिक सुविधा सहितको उपयुक्त वातावरणलाई सम्झनु पर्छ ।

(ञ) "महिला वा बालिकाको विशेष आवश्यकता" भन्नाले महिलाको महिनावारी, गर्भधारण, सुत्केरी जस्ता विशेष जैविक तथा प्रजनन भूमिकाको अवस्था र सो अवस्थालाई सम्वोधन गर्ने खानपान,

स्याहार सुसार, उचित खाने वस्ने ठाउँ, शौचालय तथा औषधी उपचारको व्यवस्था वा उनीहरुको आर्थिक, सामाजिक तथा विशेष आवश्यकता एवंम आत्म सम्मानको पुन:प्राप्तिलाई सम्झनु पर्छ ।

(ट) "महिला हिंसा" भन्नाले महिला तथा बालिका माथि हुने हिंसा सम्झनु पर्छ र सो शब्दले देहायका कार्य समेतलाई जनाउनेछः

(१) धाक धम्कि दिई, लोभ लालचमा पारी वा फकाई फुल्याई, वाध्यपारी वा हिंडडुलमा बन्देज लगाई जबजस्ती सशस्त्र कार्यमा लगाउने वा त्यस्तो समूहको मनोरञ्जन कार्यमा लगाउने वा अन्य ईच्छा विपरितका कार्यमा लगाउने कार्य ।

(२) महिला र पुरुष बीचको असमान शक्ति सम्बन्धका कारणले महिला माथि हुने र महिला पीडित हुने वा प्रभावित हुने हिंसा,

(३) यौनजन्य, शारिरीक वा मानसिक हिंसा,

(ठ) "बालिका" भन्नाले अठार वर्षको उमेर पूरा नगरेको बालिका सम्झनु पर्छ ।

(ड) "सशस्त्र द्वन्द्व" भन्नाले संवत् २०५२ साल फागुन १ गते देखि २०६३ साल मंसिर ५ गतेसम्म राज्य पक्ष र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्व सम्झनु पर्छ । *र सो शब्दले विस्तृत शान्ति सम्झौता पछि देशका विभिन्न भागमा विभिन्न समूहद्वारा सञ्चालन भएका सशस्त्र गतिविधिलाई समेत जनाउँछ ।*

(ढ) "सुरक्षित गृह" भन्नाले उद्धार गरिएका द्वन्द्व प्रभावित महिला र बालिकाको हेरचाह, उपचार तथा पुन:स्थापनाका लागि सरकार वा गैरसरकारी संस्था वा सामुदायिक संस्थाहरुबाट अस्थायी रुपमा स्थापित गृह सम्झनु पर्छ ।

## ७.२ दोस्रो राष्ट्रिय कार्ययोजनाको लक्ष्य तथा उद्देश्य

नेपाल सरकारद्वारा संयुक्त राष्ट्र संघ, सुरक्षा परिषदबाट पारित महिला, शान्ति र सुरक्षा सम्वन्धी प्रस्ताव नं. १३२५, १८२० र अन्य पूरक प्रस्तावहरुको कार्यान्वयनका सम्बन्धमा आगामी तीन वर्ष ( २०७६/७७ देखि २०७८/७९) सम्मका लागि यो राष्ट्रिय कार्ययोजना निर्माण गरी लागू गरिएको छ । यस कार्ययोजनाको देहाय बमोजिमको लक्ष्य तथा उद्देश्य रहेको छ :

**लक्ष्यः दिगो शान्ति तथा न्यायपूर्ण र समावेशी समाजको निर्माण गर्ने ।**

**उद्देश्यः द्वन्द्वबाट पीडित तथा प्रभावित महिला र बालिकाको विशेष तथा समष्टिगत आवश्यकतालाई सम्बोधन गर्दै उनीहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चिता सहित आत्मसम्मानपूर्वक जीवनयापन गर्न सक्ने वातावरण सुनिश्चित गर्नु ।**

**नेपालको दिगो शान्ति तथा विकास प्रक्रियामा महिलाको अर्थपूर्ण सहभागिता तथा महिला र बालिकाको सुरक्षाको प्रत्याभूति गर्ने ।**

उल्लिखित लक्ष्य तथा उद्देश्य प्राप्तिको लागि यो दोस्रो चरणको कार्ययोजनालाई सहभागिता, सुरक्षा र रोकथाम, राहत तथा पुनःप्राप्ति र क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन, अनुगमन र मूल्याङ्कन स्तम्भमा विभाजन गरी सो अन्तर्गत क्षेत्रगत उद्देश्य, रणनीतिक उद्देश्य तथा कार्यक्रमहरु र प्रस्तावित कार्यक्रमहरुको अपेक्षित परिणाम, सुचक, कार्यान्वयन गर्ने जिम्मेवार निकाय एवं सहयोगी निकायहरु, कार्यक्रम सम्पन्न गर्न लाग्ने समय समेत निम्न कार्यतालिकामा प्रस्तुत गरिएको छ ।

राष्ट्रिय कार्ययोजना पीडित मैत्री तथा मानव अधिकारको  सिद्धान्तमा आधारित भएर तयार गरिएको छ । यसको कार्यान्वयन प्रक्रियामा उमेर, स्थान, बैवाहिक अवस्था, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, धर्म वा राजनीतिक संलग्नता, जात र भौगोलिक विकटताको आधारमा कुनैपनि प्रकारको विभेद गरिने छैन । विशेषत यस राष्ट्रिय कार्ययोजनाले द्वन्द्व प्रभावित महिला तथा बालिकाहरु, विशेषगरी द्वन्द्वकालीन यौनजन्य हिंसा तथा लैगिंकतामा आधारीत हिंसाका पीडित तथा प्रभावित महिला तथा बालिकाहरुको तत्कालीन तथा  दीर्घकालीन आवश्यकता लाई सम्बोधन गर्ने लक्ष्य लिएको छ ।

## दोश्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्वन्धी क्रियाकलापहरु

क) स्तम्भः सहभागिता

उद्देश्यः नीति निर्माण, शान्ति स्थापना  तथा विकास प्रक्रियाको हरेक निर्णायक तहमा महिलाको समतामूलक, समानुपातिक, समावेशी र अर्थपूर्ण सहभागिता सुनिश्चित तथा वृद्धि गरिने छ ।

| क्रियाकलाप | अपेक्षित परिणाम | कार्य सम्पादन सूचक | जिम्मेवार निकाय *(क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन् )* | | | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | संघ /प्रदेश /स्थानीय | | | | |
| रणनीतिक उद्देश्य १.१ शान्ति निर्माण, विकास प्रक्रिया तथा राज्य संचालनको हरेक तहमा लैङ्गिक समानता तथा समावेशी अवधारणा मुलप्रवाहिकरण गर्ने । | | | | | | | |
| १.१.१ महिला को समानुपातिक समावेशी सहभागितालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नीति तथा कानूनमा भएका विभेदपूर्ण व्यवस्थाहरु पहिचान गर्ने । | महिलाको सहभागिता सुनिश्चितताका लागि आवश्यक नीति तथा कानूनहरु पुनरावलोकन भएको हुनेछ । | पुनरावलोकन प्रतिवेदन ।<br><br>पुनरावलोकन भएका नीति तथा कानूनहरु । | क) महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | ख) सामाजिक विकास मन्त्रालय | ग) स्थानीय तह | पहिलो वर्ष | गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>कानून आयोग |
| १.१.१.१ विद्यमान नीति तथा कानूनहरुमा भएको विभेदपूर्ण व्यवस्थाहरु पहिचान गर्ने । | | | | | | | |
| १.१.१.२ नीति तथा कानून पुनरावलोकनका लागि  संशोधन प्रस्ताव तयार गर्ने । | | | | | | | |
| १.१.१.३ संशोधन प्रस्ताव कार्यान्वयनका लागि सहकार्य र समन्वय गर्ने । | | | | | | | |
| १.१.२ तीनै तहका सरकार, राजनीतिक दल, सुरक्षा निकाय, सरकारी कर्मचारी र अन्य कार्ययोजना कार्यान्वयन सम्बन्धी सरोकारवालाहरुलाई महिला, शान्ति र सुरक्षाका विषयहरु सम्बोधन गर्न | संघ, प्रदेश र स्थानीय तहका राजनीतिक दल तथा जनप्रतिनीधि, सुरक्षा निकाय तथा कर्मचारीहरु र कार्ययोजना कार्यान्वयन सम्बन्धी सरोकारवाला हरुबाट, महिला, शान्ति र | संचालित कार्यक्रमहरुको संख्या ।<br><br>सहभागीहरुको संख्या । | क) गृह मन्त्रालय<br><br>क) संघीय मामिला तथा सामान्य | – | – | निरन्तर | द्वन्द्व प्रभावित महिलाहरुको समुहहरुको संजाल, गैर सरकारी संस्था |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सचेतनामुलक तथा अभिमुखीकरणका कार्यक्रमहरु संचालन गर्ने । | सुरक्षाका विषयहरु सम्बोधन भएको हुनेछ। | महिला, शान्ति र सुरक्षा सम्बन्धमा सम्बोधन भएका विषयहरु। | प्रशासन मन्त्रालय<br><br>क) आन्तरिक मामिला तथा कानून मन्त्रालय<br><br>क) स्थानीय तह | | | | |
| १.१.३ संघ, प्रदेश र स्थानीय तहका महिला जनप्रतिनिधिहरुको अर्थपुर्ण सहभागिता अभिवृद्धिका लागि क्षमता सुदृढिकरणका कार्यक्रमहरु संचालन गर्ने । | संघ प्रदेश र स्थानीय तहका महिला जनप्रतिनिधिहरुको क्षमता सुदृढिकरण भई अर्थपुर्ण सहभागिता भएको हुनेछ। | संचालित कार्यक्रमहरुको संख्या<br><br>सहभागीहरुको संख्या<br><br>महिला जनप्रतिनिधिहरुबाट औपचारिक रुपमा उठान गरेका विषयहरु। | क) संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय<br><br>क) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय<br><br>क) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br><br>क) आन्तरिक मामिला तथा कानून मन्त्रालय<br><br>क) सामाजिक विकास मन्त्रालय | ख) स्थानीय तह | – | निरन्तर | राजनीतिक दल, नागरिक समाज, अन्तरपार्टी महिला संजाल |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.१.३.१ संघ र प्रदेश तथा स्थानीय तहका व्यवस्थापिका सदस्यहरु (विशेष गरी दलित तथा पछाडि पारिएका) लाई नीति निर्माण तथा योजना तर्जुमासम्बन्धी क्षमता विकास गर्ने । | | | क) संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय<br><br>क) स्थानीय तह | – | – | | |
| १.१.३.२ स्थानीय तहका न्यायिक समितिका सदस्यहरुको क्षमता अभिवृद्धि गर्ने । | | | क) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय<br><br>क) आन्तरिक मामिला तथा कानून मन्त्रालय | – | – | | |
| **रणनीतिक उद्देश्य १.२ शान्ति स्थापनाको हरेक क्षेत्रमा द्वन्द्व पीडित तथा प्रभावित, सिमान्तकृत, विपन्न वर्ग र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका महिलाको सहभागिता अभिवृद्धि गर्ने ।** | | | | | | | |
| १.२.१ द्वन्द्व पीडित तथा प्रभावित, सिमान्तकृत, विपन्न वर्ग र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका महिलाको सशक्तिकरणका लागि कार्यक्रमहरु सञ्चालन गर्ने । | द्वन्द्वपीडित तथा प्रभावित, सिमान्तकृत, विपन्न वर्ग र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका महिलाको नेतृत्व विकास र सशक्तिकरण भएको हुनेछ । | लोकसेवा तयारी कक्षामा सहभागिको संख्या ।<br><br>नेतृत्व विकास तालिममा सहभागिको संख्या ।<br><br>कार्यक्रममा सहभागी महिलाहरुले प्राप्त गरेका उपलब्धीहरु ।<br><br>विषयगत ज्ञान प्राप्त गरेका सहभागिहरुमार्फत सम्बोधन भएका विषयहरु ।<br><br>स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा | क) गृह मन्त्रालय<br><br>क) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br><br>क) सामाजिक विकास मन्त्रालय<br><br>क) स्थानीय तह | – | – | निरन्तर | द्वन्द्व प्रभावित महिलाहरुको सञ्जाल<br><br>सिमान्तकृत समुदायका महिलाहरुलका संघ संस्था<br><br>नागरिक समाज<br><br>गैसस |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.२.१.१ निजामती सेवा र सुरक्षा निकायमा लक्षित समुदायका महिलाको सहभागिता वृद्धि गर्न लोकसेवा तयारी कक्षाहरु संचालन गर्ने । | | **“महिला शान्ति सहजकर्ता” को भूमिका निभाएका महिलाको संख्या ।** | क) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | – | – | निरन्तर | गैसस |
| १.२.१.२ लक्षित समुदायका महिलाको नेतृत्व विकासका लागि आवश्यकता अनुसार क्षमता अभिवृद्धिका तालिमहरु सञ्चालन गर्ने ।। | | | क) सामाजिक विकास मन्त्रालय | – | – | निरन्तर | द्वन्द्व प्रभावित महिलाहरुको सञ्जाल<br><br>नागरिक समाज<br><br>गैसस |
| १.२.१.३ सत्य, न्याय, परिपूरण लगायतका सवालहरुमा द्वन्द्व पीडित तथा प्रभावित महिलाहरुको विषयगत ज्ञान र क्षमता अभिवृद्धिका लागि आवश्यकता अनुसारका विषयगत तालिम तथा कार्यशालाहरु सञ्चालन गर्ने । | | | क) गृह मन्त्रालय | ख) आन्तरिक मामिला तथा कानून मन्त्रालय | ग) स्थानीय तह | निरन्तर | द्वन्द्व प्रभावित महिलाहरुको सञ्जाल<br><br>नागरिक समाज<br><br>गैसस |
| १.२.१.४ द्वन्द्व प्रभावित महिला, बालिका र पूर्व लडाकुहरुलाई “महिला शान्ति सहजकर्ता” को भूमिका निभाउन क्षमता अभिवृद्धि गरि आवश्यकता अनुसार परिचालन गर्ने | | | क) गृह मन्त्रालय<br><br>क) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | ख) सामाजिक विकास मन्त्रालय | ग) स्थानीय तह | निरन्तर | द्वन्द्व प्रभावित महिलाहरुको सञ्जाल<br><br>नागरिक समाज<br><br>गैसस |

**ख) स्तम्भः सुरक्षा र रोकथाम**

**उद्देश्यः द्वन्द्वको समय एवं द्वन्द्व पश्चात् महिला र बालिकाको मानव अधिकार सुनिश्चित गर्ने ।**

| क्रियाकलाप | अपेक्षित परिणाम | कार्य सम्पादन सूचक | जिम्मेवार निकाय<br>संघ/ प्रदेश/स्थानीय<br>*(क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन् )* | | | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|
| **रणनीतिक उद्देश्य २.१: द्वन्द्वको कारणबाट सृजित लैङ्गिक तथा यौनजन्य हिंसाका पीडित तथा प्रभावित महिला र बालिकाको समष्टिगत आवश्यकतालाई सम्बोधन गर्ने ।** | | | | | | | |
| **२.१.१ द्वन्द्व पीडित तथा प्रभावित महिला र बालिकाको समष्टिगत आवश्यकता पहिचान उप समितिको सिफारिसहरुलाई योजना तथा कार्यक्रमहरुमा समावेश गरी कार्यान्वयन गर्ने ।** | **द्वन्द्व पीडित तथा प्रभावित महिला र बालिका (विशेष गरी यौनजन्य हिंसाका पीडित तथा प्रभावित) को समष्टिगत आवश्यकता सम्बोधन भएको हुनेछ ।** | **स्थानीय तहका उपसमितिहरु बाट प्राप्त भएका समष्टिगत आवश्यकता पहिचान तथा सिफारिशहरु ।**<br><br>**स्थानीय तहको वार्षिक योजनामा समावेश भई कार्यान्वयन भएका विषयहरु ।** | **क) स्थानीय तह** | **ख)आन्तरिक मामिला तथा कानून मन्त्रालय** | **ग) गुह मन्त्रालय** | **निरन्तर** | **द्वन्द्व पीडित महिला हरुको राष्ट्रिय संजाल तथा स्थानीय समुह, गैसस, मानव अधिकारकर्मी, मनोसामाजिक परामर्शकर्त्ता** |
| २.१.१.२ स्थानीय तह राष्ट्रिय कार्ययोजना कार्यान्वयन समितिले संघीय तथा प्रदेश तहमा सम्बोधन गर्नु पर्ने नीतिगत तथा योजनागत कार्यक्रमहरु जिल्ला तहको समिति मार्फत सिफारिस गर्ने । | | **द्वन्द्वकालीन अनुभुतिहरुको संकलन, प्रतिवेदन प्रकाशन र सार्वजनिकीकरण ।** | क) स्थानीय तह | ख) आन्तरिक मामिला तथा कानून मन्त्रालय | ग) गुह मन्त्रालय | पहिलो र दोश्रो वर्ष | द्वन्द्व पीडित महिलाहरुको राष्ट्रिय संजाल गैसस |
| २.१.१.३ द्वन्द्वको कारणबाट सृजित लैङ्गिक तथा यौनजन्य हिंसाका पीडित तथा प्रभावित महिला र बालिकाहरुको अनुभूतिको संघीय तथा प्रदेशस्तरको प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने । | | | क) गुह मन्त्रालय<br><br>क) आन्तरिक मामिला तथा कानून मन्त्रालय | ख) स्थानीय तह | | दोश्रो वर्ष | द्वन्द्व पीडित महिलाहरुको राष्ट्रिय संजाल<br><br>गैसस<br><br>नागरिक समाज विषय विज्ञहरु |
| **रणनीतिक उद्देश्य २.२ : यौन तथा लैङ्गिक हिंसाको रोकथाम र हिंसा पीडित तथा प्रभावित महिला र बालिकाको लागि सुरक्षाको प्रत्याभुति गर्ने ।** | | | | | | | |
| **२.२.१ लैङ्गिक तथा यौनजन्य हिंसा रोकथाम तथा सुरक्षा अभिवृद्धि गर्ने कार्यक्रमहरु संचालन गर्ने ।** | **सुरक्षा र रोकथामका विषयहरुमा सचेतना अभिवृद्धि भई लैङ्गिक तथा यौनजन्य विषयहरु सम्बोधन भएको हुनेछ ।** | **संचालित क्षमता अभिवृद्धि कार्यक्रमहरुको संख्या,**<br><br>**सहभागीहरुको संख्या,** | **क) स्थानीय तह** | **ख) आन्तरिक मामिला तथा कानून मन्त्रालय,** | **ग) गृह मन्त्रालय,**<br><br>**ग) महिला बालबालिका तथा ज्येष्ठ** | **निरन्तर** | **द्वन्द्व प्रभावितहरुको संजाल**<br>**गैर सरकारी संस्था**<br>**नागरिक समाज** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | **सेवाग्राहीहरुको संख्या ।**<br><br>**प्रवाहित सूचना हरुको सख्या र प्रकार ।**<br><br>**गठन भएका किशोरी समुहहरुको संख्या ।** | | ख) सामाजिक विकास मन्त्रालय | नागरिक मन्त्रालय,<br><br>ग) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | | |
| २.२.१.१ स्थानीय तहमा किशोरीहरुको आत्ममनोवल वृद्धि गर्न आत्मसुरक्षा तालिम कार्यक्रम संचालन गर्ने । | | **स्थानीय तहमा तालिम प्राप्त स्वास्थ्यकर्मीले प्रदान गरेका मनोसामाजिक परामर्श सेवा र सेवाका प्रकारहरु ।** | क) स्थानीय तह | – | – | | नेपाल बार एसोसिएसन<br>नेपाल प्रहरी<br>नागरिक समाज |
| २.२.१.२ स्थानीय तहको कम्तीमा एक विद्यालयमा "*विद्यालयमा लैगिक हिंसा रोकथाम कार्यक्रम*" सचेतना तथा अन्तर्कियात्मक कार्यक्रम चौमासिक रुपमा संचालन गर्ने । | | | क) स्थानीय तह | – | – | | नेपाल बार एसोसिएसन<br>नेपाल प्रहरी<br>नागरिक समाज |
| २.२.१.३ कानूनी सचेतना, महिला तथा बाल अधिकार, लगायत लैङ्गिक हिंसा निवारण कोष, एकद्वार संकट व्यवस्थापन केन्द्र जस्ता सेवा सम्बन्धी निकायहरु को सुचना र जानकारीहरु विभिन्न माध्यम मार्फत स्थानीय भाषाहरुमा प्रचारप्रसार गर्ने । | | | क) स्थानीय तह | – | स्थानीय तह | निरन्तर | जिल्ला बारएसोसिएसन,<br>स्थानीय रेडियोहरु<br>नेपाल पत्रकार महासंघ आदीका जिल्ला महासंघहरु । |
| २.२.१.४ सुरक्षा निकाय लगायत सेवा प्रदायकका लागि प्रमाणको संकलन, सुरक्षण र गोपनीयताका लागि सीप र क्षमता अभिवृद्धि, लैङ्गिक सम्वेदनशिलता, कानूनी साक्षरता सम्बन्धी क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गर्ने । | | | क) गृह मन्त्रालय<br><br>क) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | ख) आन्तरिक मामिला तथा कानून मन्त्रालय<br><br>ख) सामाजिक विकास मन्त्रालय | ग) स्थानीय तह | पहिलो वर्ष | सरकारी वकीलको कार्यालय<br>नेपाल बार एशोसीयसन<br>नागरिक समाज |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | क) कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | | | | |
| २.२.१.५ स्थानीय तहमा हाल कार्यरत स्वास्थ्यकर्मीलाई मनोसामाजिक परामर्शदाताको तालीम दिई परिचालन गर्ने । | | | क) सामाजिक विकास मन्त्रालय | ख)स्थानीय तह | – | पहिलो वर्ष | जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल<br>मनोसामाजिक परामर्शदाताका लागि तालीम प्रदान गर्ने विभिन्न संस्थाहरु |
| **२.२.२ द्वन्द्व प्रभावित महिला, बालिका र पूर्व महिला लडाकुहरुलाई परिवार तथा समाजमा पुनर्स्थापना तथा पुनःएकिकरणका का लागि कार्यक्रम संचालन गर्ने ।** | **द्वन्द्व प्रभावित महिला, बालिका तथा पुर्व लडाकु महिलाको परिवार तथा समाजमा सम्मानजनक पुर्नस्थापना भई दीगो शान्ति निर्माणमा योगदान पुग्नेछ ॥** | **संचालित सार्वजनिक कार्यक्रमहरुको संख्या ।** | **क) स्थानीय तह**<br>**क) सामाजिक विकास मन्त्रालय** | **–** | **–** | **निरन्तर** | **गृह मन्त्रालय**<br>**आन्तरिक मामिला तथा कानून मन्त्रालय**<br>**द्वन्द्व प्रभावित महिलाको राष्ट्रिय तथा स्थानीय सञ्जाल गैर सरकारी संस्थाहरु**<br>**नागरिक समाज ।** |
| २.२.२.१ पुनर्स्थापना तथा पुनःएकिकरणका कार्यक्रम संचालन गर्ने । | | | क) स्थानीय तह | – | – | | द्वन्द्व प्रभावित महिलाको राष्ट्रिय तथा स्थानीय सञ्जाल गैर सरकारी संस्थाहरु<br>नागरिक समाज |
| २.२.२.२ द्वन्द्व प्रभावित महिला, बालिका र पूर्व महिला लडाकुहरुको कदर गर्न सार्वजनिक कार्यक्रमहरु संचालन गर्ने । | | | क) स्थानीय तह | – | – | | द्वन्द्व प्रभावित महिलाको राष्ट्रिय तथा स्थानीय सञ्जाल<br>पूर्व महिला लडाकुहरुको सञ्जाल वा समूह<br>गैर सरकारी संस्थाहरु<br>नागरिक समाज |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.२.२.३ द्वन्द्वका विभिन्न प्रभाव र असरहरु प्रतिबिम्बित हुने गरी महिला तथा बालबालिकाहरुको सम्झनामा स्मारक स्थापना लगायत विभिन्न कार्यक्रम संचालन गर्ने । | | | क) स्थानीय तह<br>क) गृह मन्त्रालय<br>क) आन्तरिक मामिला तथा कानून मन्त्रालय | – | – | निरन्तर | द्वन्द्व प्रभावित महिलाको राष्ट्रिय तथा स्थानीय सञ्जाल गैर सरकारी संस्थाहरु<br>नागरिक समाज |
| २.२.२.४ द्वन्द्व प्रभावित महिला, बालबालिका र पूर्व महिला लडाकुहरु तथा उनीहरुका परिवारका सदस्य लागि Post Traumatic Stress Disorder मनोसामाजिक परामर्शका कार्यक्रमहरु संचालन गर्ने । | | | क) स्थानीय तह | ख) सामाजिक विकास मन्त्रालय | ग) गृह मन्त्रालय<br><br>ग) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>ग) सुरक्षा निकाय | निरन्तर | द्वन्द्व प्रभावित महिलाको राष्ट्रिय तथा स्थानीय सञ्जाल गैर सरकारी संस्थाहरु<br>नागरिक समाज |
| २.२.२.६ द्वन्द्व प्रभावित महिला र बालिकाको द्वन्द्वका फरक अनुभुतिहरु आदानप्रदान गर्न *हामी साथी संगी* समुह गठन गरी अन्तर्पुस्ता संवाद कार्यक्रमहरु (विशेष गरी द्वन्द्व प्रभावित महिला र युवा समुहहरु बीच) संचालन गर्ने । | | | क) स्थानीय तह | – | – | निरन्तर | द्वन्द्व प्रभावित महिलाको राष्ट्रिय तथा स्थानीय सञ्जाल गैर सरकारी संस्थाहरु<br>नागरिक समाज |
| **रणनीतिक उद्देश्य २.३ः ललैङ्गिक तथा यौनजन्य हिंसाका पीडित तथा प्रभावितहरुको न्यायमा पहुँचको सुनिश्चितता गर्न संस्थागत सुदृढीकरण गर्ने ।** | | | | | | | |
| २.३.१ लैङ्गिक तथा यौनजन्य हिंसाका घटनाहरुको अनुसन्धान र कारवाही प्रक्रियामा सेवा प्रदायक निकायलाई लैङ्गिक मैत्री वनाउनका लागि आवश्यक कार्यक्रमहरु संचालन गर्ने । | लैङ्गिक तथा यौनजन्य हिंसाका घटनाको अनुसन्धान, व्यवस्थापन र कारवाही प्रक्रिया लैङ्गिंक संवेदनशिल तथा पीडित मैत्री भएको हुनेछ । | संचालित कार्यक्रमहरुको संख्या ।<br><br>क्षमता अभिवृद्धि कार्यकमका सहभागिको संख्या ।<br><br>साक्षी तथा पीडितहरुको संरक्षण तथा उनीहरुको | क) गृह मन्त्रालय | ख) आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ग) स्थानीय तह | निरन्तर | जिल्ला अदालत<br>नेपाल प्रहरी<br>सरकारी वकिलको कार्यालय, नेपाल बार एशोसिएसन,<br>गैर सरकारी संस्थाहरु<br>द्वन्द्व प्रभावित महिलाको राष्ट्रिय तथा स्थानीय सञ्जाल |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | **कानूनी सेवा सुविधा सम्बन्धमा प्रचार प्रसार भएका सूचनाको संख्या र प्रकार ।**<br><br>**पाठ्यक्रममा समावेश भएका विषयहरु ।**<br><br>**निर्माण भइ सञ्चलनमा आएको मोवाइल एप्लिकेशन ।**<br><br>**मोबाइल एप्लिकेसनबाट प्राप्त घटनाहरुको संख्या तथा घटनाको प्रकार ।** | | | | | **महिला मानवअधिकार रक्षकहरुको सञ्जाल** |
| २.३.१.१ जिल्ला प्रहरी कार्यालयमा रहेका महिला तथा बालबालिका सेवा केन्द्र बाट हिंसा पीडित तथा प्रभावित महिलाहरुलाई कानुनी तथा मनोसामाजिक सहयोग उपलब्ध गराउन विद्यमान संचालित कार्यक्रमहरु मार्फत सहकार्य र समन्वय स्थापित गर्ने । | | | क) जिल्ला प्रहरी कार्यालय | – | – | निरन्तर | नागरिक समाज<br>गैसस, नेपाल नेपाल बार एसोसिएसन<br>नेपाल पत्रकार महासंघ जिल्ला शाखा<br>जिल्ला कानूनी सहायता समिति |
| २.३.१.२ अनुसन्धान र अभियोजनमा संलग्न सेवा प्रदायकका लागि यौनजन्य तथा लैङ्गिक हिंसा सम्बन्धी कानून तथा महिला अधिकार र लौङ्गिक सम्वेदनशिलता सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरु तथा प्रहरी भित्र शिघ्र उद्धार टोली (Quick response team) को क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गर्ने । | | | क) नेपाल प्रहरी | – | – | निरन्तर | गृह मन्त्रालय, महिला मानवअधिकार रक्षकहरु, |
| २.३.१.३ साक्षी तथा पीडितहरुको संरक्षण तथा उनीहरुको कानूनी सेवा सुविधा सम्बन्धमा आम नागरिकहरुलाई सचेत गर्न सूचना प्रवाह गर्ने । | | | क) गृह मन्त्रालय | ख) सूचना विभाग | – | | स्थानीय रेडियोहरु,<br>टेलीभिजन<br>पत्रपत्रिका<br>संचारका अनलाईन माध्यमहरु |
| २.३.१.४ शैक्षिक संस्थाका आधारभूत तहमा लागु हुने गरी मानव अधिकार, बालअधिकार, महिला अधिकार र कानूनी साक्षरता सम्वन्धी विषयहरु पाठ्यक्रममा समावेश गर्ने | | | क) शिक्षा मन्त्रालय<br>क) स्थानीय तह | ख) समाजिक विकास मन्त्रालय, | – | | गृह मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>शैक्षिक जनशक्ति विकास केन्द्र । |
| २.३.१.५ महिला हिंसाबाट पीडित तथा प्रभावितहरुलाई | | | क) नेपाल प्रहरी | – | – | | प्रधानमन्त्री तथा मन्त्रि परिषदको कार्यालय, गृह मन्त्रालय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| न्यायिक प्रक्रियामा सहजीकरण गर्न मोवाईल एप्लिकेशनको निर्माण तथा संचालन गर्ने । | | | | | | | |
| २.३.२ द्वन्द्वको समयमा बेपत्ता पारिएका व्यक्तिको सम्पतिको बैधानिक हस्तान्तरण तथा संरक्षण र भोगचलन तथा नाता कायम, नागरिकता प्राप्ति प्रक्रियालाई सरल र सहज बनाउन विद्यमान कानूनहरुमा आवश्यक संसोधन गर्ने । | द्वन्द्वको समयमा बेपत्ता पारिएका व्यक्तिको परिवारलाई सम्पतिको बैधानिक हस्तान्तरण तथा संरक्षण र भोगचलनका लागि कानूनी रुपमा सहज भएको हुनेछ । | संसोधन भएको कानून | क) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय<br><br>क) गृह मन्त्रालय | – | – | पहिलो वर्ष | |
| २.३.३ नागरिकता प्राप्ति, सामाजिक सुरक्षा कार्यक्रम लगायत विद्यमान कानूनी अधिकारमा द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसाका पीडित तथा प्रभावित महिलाको पहुँच बढाउने । | द्वन्द्वकालीन लैंगिक तथा यौनजन्य हिंसाका पीडित तथा प्रभावित महिलाले सम्पत्ति प्राप्ति, नागरिकता, सामाजिक सुरक्षा भत्ता लगायत विद्यमान कानूनी अधिकार प्राप्त गरेका हुनेछन् । | कानूनी साक्षरता कार्यक्रममा सहभागि द्वन्द्वकालीन लैंगिक तथा यौनजन्य हिंसाका पीडित तथा प्रभावित महिलाको संख्या ।<br><br>कानूनी सहायता सेवा प्राप्त गरेका द्वन्द्वकालीन लैंगिक तथा यौनजन्य हिंसाका पीडित तथा प्रभावित महिलाको संख्या ।<br><br>कानूनी सहायता सेवाको प्रकार ।<br><br>प्रचार प्रसार भएका सामग्रीहरु र तीनको प्रकार । | गृह मन्त्रालय<br><br>कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | आन्तरिक मामिला तथा कानुन मन्त्रालय<br><br>सामाजिक विकास मन्त्रालय | स्थानीय तह | निरन्तर | द्वन्द्व प्रभावित महिलाहरुको संजाल, गैर सरकारी संस्था, सरकारी वकिलको कार्यालय, बार एशोसिएसन, |
| २.३.३.१ द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसाका पीडित तथा प्रभावित महिला लक्षित कानूनी अधिकार र अन्य सेवाहरुका | | | क) कानून न्याय तथा संसदीय | ख) आन्तरीक मन्त्रालय | – | | नेपाल बार एसोसियसन, गैसस, विश्व विद्यालयका कानून संकायहरु, |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| बारेमा साक्षरता कार्यक्रम सञ्चालन तथा प्रचारप्रसार गर्ने । | | | मामिला मन्त्रालय | | | | द्वन्द्व प्रभावित महिलाहरुको संजाल |
| २.३.३.२ द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसाका पीडित तथा प्रभावित महिलालाई माग अनुसारको निःशुल्क कानूनी सहायता सेवा प्रदान गर्ने । | | | क) जिल्ला कानूनी सहायता समिति | – | – | | गृह मन्त्रालय स्थानीय तह<br>जिल्ला न्यायधिवक्ताको कार्यालय<br>न्यायिक समिति |
| **२.३.४ जिल्ला अदालत र जिल्ला सरकारी वकिल कार्यालयमा संचालीत पीडितमैत्री कक्षहरुबाट प्रदान गरिने सेवाहरुको विस्तार तथा सुदृढीकरण गर्ने ।** | **लैङ्गिक तथा यौनजन्य हिंसाका पीडितहरुले मापदण्ड अनुसार संचालीत पीडितमैत्री कक्ष मार्फत गोपनीय र संवेदनशिल रुपमा आवश्यक सेवा प्राप्त गरेका हुनेछन् ।** | **लैङ्गिक तथा यौनजन्य हिंसा पीडित महिला मैत्री कक्ष संचालन मापदण्ड ।**<br><br>**जिल्ला अदालत र जिल्ला सरकारी वकिल कार्यालयमा सुदृढिकरण भएका पीडित मैत्री कक्षको संख्या ।**<br><br>**पीडित मैत्री कक्षबाट सेवा प्राप्त गरेका पीडित तथा प्रभावित महिलाको संख्या र सेवाको प्रकार ।**<br><br>**साक्षी वकपत्र बापत रकम पाएका व्यक्तिको संख्या ।**<br><br>**पीडित राहत कोष बाट क्षतिपूर्ति रकम प्राप्त गरेका लैङ्गिक तथा यौनजन्य हिंसा पीडित महिलाको संख्या ।** | **क) कानून न्याय तथा संसदीय मामीला मन्त्रालय**<br><br>**क) जिल्ला अदालत** | – | – | **निरन्तर** | **सर्वोच्च अदालत,**<br>**महान्यायधिवक्ताको कार्यालय**<br>**जिल्ला सरकारी वकिल कार्यालय**<br>**जिल्ला अदालत,**<br>**न्यायिक समिति, नेपाल बार एसोसीएसन, ,**<br>**कानूनी सहायता समिति,**<br>**गैर सरकारी संस्थाहरु,**<br>**द्वन्द्व प्रभावित महिलाहरुको संजाल** |
| २.३.४.१ पीडित मैत्री कक्ष र सेवाहरुको मापदण्ड निर्धारण तथा सुची निर्माण गर्ने । | | | क) कानून न्याय तथा संसदीय मामीला मन्त्रालय<br><br>क) जिल्ला अदालत | – | – | पहिलो वर्ष | जिल्ला अदालत<br>जिल्ला सरकारी वकिलको कार्यालय<br>नेपाल बार एशोसिएसन |
| २.३.४.२ पीडित मैत्री कक्षबाट प्रदान गरिने सेवाहरुको सुदृढीकरण गर्ने । | | | क) कानून न्याय तथा संसदीय मामीला मन्त्रालय | – | – | निरन्तर | जिल्ला अदालत<br>जिल्ला सरकारी वकिलको कार्यालय<br>नेपाल बार एशोसिएसन |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | क) जिल्ला अदालत | | | | |
| २.३.४.३ पीडित मैत्री कक्षबाट प्रदान गरिने सेवाहरु सम्बन्धी प्रचार प्रसार गर्ने | | | | – | – | स्थानीय तह | निरन्तर | गृह मन्त्रालय, सूचना विभाग |
| २.३.४.४ साक्षी बकपत्र बापत पाउने रकम सहज रुपमा उपलब्ध गराउने । | | | | क) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | – | – | निरन्तर | सर्वोच्च अदालत, महान्यायधिवक्ताको कार्यालय<br>जिल्ला अदालत,<br>जिल्ला सरकारी वकिल कार्यालय |
| २.३.४.५ पीडित राहत कोष बाट पाउने क्षतिपूर्ति रकम सहज रुपमा पाउने व्यवस्था गर्ने । | | | | क) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | – | – | निरन्तर | सर्वोच्च अदालत, महान्यायधिवक्ताको कार्यालय<br>जिल्ला अदालत,<br>जिल्ला सरकारी वकिल कार्यालय |
| **२.३.५ स्वास्थ्य सेवा, आश्रय गृह र घटना दर्ता तथा सुनुवाइका लागि हाल सञ्चालित कार्यक्रमहरुको सुदृढिकरण गरि द्वन्द्वकालीन लैङ्गिकलैङ्गिकतथा यौनजन्य हिंसा पीडित तथा प्रभावित महिलाको आवश्यकता अनुसार गुणस्तरीय सेवा प्रदान गर्ने ।** | **द्वन्द्वकालीन लैङ्गिकलैङ्गिकतथा यौनजन्य हिंसाका पीडित तथा प्रभावित महिलाले हाल सञ्चालित कार्यक्रमहरुमार्फत गुणस्तरीय स्वास्थ्य सेवा, आश्रय गृहको सुविधा र घटना दर्ता तथा सुनुवाइका लागि गुणस्तरीय सेवा प्राप्त गरेका हुनेछन् ।** | **सुदृढिकरण भएका आश्रय गृहको संख्या<br><br>सेवा विस्तार<br>सेवा प्राप्त गरेका महिला र बालिकाको सख्या,<br><br>प्रदान गरेका सेवाका प्रकारहरु ।** | **क) स्थानीय तह<br>क) स्वास्थ्य मन्त्रालय<br><br>क) महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय<br><br>क)सामाजिक विकास मन्त्रालय** | | **–** | **–** | **निरन्तर** | **गृह मन्त्रालय<br>द्वन्द्व प्रभावित महिलाहरुको स्थानीय संजाल<br>गैर सरकारी संस्था** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.३.५.१ सरकारी अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रको सुदृढिकरण गरि गुणस्तरीय सेवा प्रदान गर्ने । | | | क) स्थानीय तह<br>क) स्वास्थ्य मन्त्रालय | – | – | निरन्तर | जिल्ला स्वास्थ्य कार्यालय |
| २.३.५.२ आश्रय गृहको सुदृढिकरण गरी गुणस्तरीय सेवा प्रदान गर्ने । | | | क) स्थानीय तह<br><br>क) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br><br>क)सामाजिक विकास मन्त्रालय | – | – | निरन्तर | |
| २.३.५.३ सरकारी तथा गैरसरकारी निकायहरुद्वारा संचालित हटलाईन सेवाको क्षमता सुदृढिकरण गरी गुणस्तरीय सेवा प्रदान गर्ने । | | | क) महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | – | – | हटलाईन सेवा सञ्चालन गरिरहेका गैर सरकारी संस्थाहरु | |

(ग) स्तम्भ : राहत तथा पुनःप्राप्ति

**उद्देश्यः राहत, पुनःप्राप्ति तथा पुनर्स्थापना कार्यक्रमहरुमा द्वन्द्व प्रभावित महिला र बालिका केन्द्रित विशेष आवश्यकतालाई सम्बोधन गर्ने ।**

| क्रियाकलाप | अपेक्षित परिणाम | कार्यसम्पादन सूचक | जिम्मेवार निकाय<br>संघ/ प्रदेश/स्थानीय<br>(क मुख्य जिम्मेवार हुनेछ र ख र ग कमानुसारका जिम्मेवार हुनेछन् ।) | | | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|
| रणनीतिक उद्देश्य ३.१: द्वन्द्व प्रभावित महिलाहरुको सहभागितामा उनीहरुको वास्तविक अवस्था पहिचान गरी आवश्यकता अनुसार स्वास्थ्य सेवा, शिक्षा, जीविकोपार्जन तथा आर्थिक सशक्तिकरणका कार्यकमहरु तर्जुमा र कार्यान्वयन गर्ने । | | | | | | | |
| ३.१.१<br>द्वन्द्व प्रभावित विशेष गरी लैङ्गिक तथा यौनजन्य हिंसाबाट प्रभावित महिलाको समष्टिगत आवश्यकता अनुसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने । | द्वन्द्व प्रभावित विशेष गरी लैङ्गिक तथा यौनजन्य हिंसाबाट प्रभावित महिलाहरुको समष्टिगत आवश्यकता पहिचान भई कार्यान्वयन भएको हुनेछ । | सञ्चालित कार्यकमबाट लाभ प्राप्त गर्ने द्वन्द्व प्रभावित तथा पीडित महिलाको संख्या ।<br><br>सिफारिस भएका आर्थिक सशक्तिकरणका अल्पकालीन दिर्घकालीन कार्यक्रमको संख्या र कार्यक्रम ।<br><br>कार्यान्वयन भएका कार्यक्रमहरुको संख्या । | क) स्थानीय तह<br><br>क) गृह मन्त्रालय<br><br>क) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br><br>क) आन्तरिक मामिला तथा कानून मन्त्रालय<br><br>क) सामाजिक विकास मन्त्रालय | – | – | निरन्तर | द्वन्द्व प्रभावित महिलाहरुको राष्ट्रिय र स्थानीय सञ्जाल<br>गैर सरकारी संस्थाहरु |
| ३.१.१.१ उपसमितिले स्थानीय तहमा द्वन्द्व प्रभावित ( विशेष गरी द्वन्द्वका कारण यौनजन्य हिंसाबाट प्रभावित) महिला र बालिकाहरुको समष्टिगत आवश्यकता पहिचान गर्ने । | | | क) स्थानीय तह | – | – | पहिलो वर्ष | द्वन्द्व प्रभावित महिलाहरुको राष्ट्रिय र स्थानीय सञ्जाल,<br><br>गैर सरकारी संस्थाहरु |
| ३.१.१.२<br>द्वन्द्व प्रभावित ( विशेष गरी द्वन्द्वका कारण यौनजन्य हिंसाबाट प्रभावित) महिला र | | | क) स्थानीय तह<br>क) जिल्ला समन्वय समिति | – | – | निरन्तर | द्वन्द्व प्रभावित महिलाहरुको राष्ट्रिय र स्थानीय सञ्जाल,<br><br>गैर सरकारी संस्थाहरु |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| बालिकाहरुको आर्थिक सशक्तिकरणका लागि पहिचान गरिएका अल्पकालीन तथा दिर्घकालीन कार्यक्रमहरु स्थानीय तहलाई सिफारिश गरी कार्यान्वयन गर्ने । | | | क) आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>क) गृह मन्त्रालय | | | | |
| ३.१.२<br>द्वन्द्व प्रभावित ( विशेषगरी द्वन्द्वका कारण यौनजन्य हिंसाबाट प्रभावित) महिला र बालिकाका विशेष आवश्यकता अनुसार दिर्घकालीन तथा अल्पकालीन स्वास्थ्य सेवाका कार्यक्रमहरु संचालन गर्ने । | **द्वन्द्वकालीन यौनजन्य हिंसाबाट पीडित तथा प्रभावित महिलाको मानसिक तथा शारिरीक स्वास्थ्य समस्याको सम्बोधन भई सुधार आएको हुनेछ ।** | **पहिचान गरिएका अल्पकालिन र दिर्घकालिन स्वास्थ्य सेवाका कार्यक्रमहरु ।**<br>**सञ्चालीत घुम्ती स्वास्थ्य शिविरको संख्या ।**<br>**घुम्ती स्वास्थ्य शिविरबाट स्वास्थ्य सेवा प्राप्त गरेका महिला र द्वन्द्व प्रभावित महिलाको संख्या ।**<br>**नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रममा समावेश भई सेवा प्राप्त गरेका लक्षित समुहका महिलाको संख्या ।** | **क) स्थानीय तह**<br>**क) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**<br>**क) सामाजिक विकास मन्त्रालय** | – | – | निरन्तर | **गृह मन्त्रालय**<br>**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**<br>**उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय**<br>**द्वन्द्व प्रभावित महिलाहरुको राष्ट्रिय तथा स्थानीय सञ्जाल**<br>**गैर सरकारी संस्थाहरु**<br>**प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमपरिषद् ।** |
| ३.१.२.१ द्वन्द्व प्रभावित ( विशेषगरी द्वन्द्वका कारण यौनजन्य हिंसाबाट प्रभावित) महिला र बालिकाहरुको दिर्घकालिन तथा अल्पकालिन स्वास्थ्य सेवाका कार्यक्रमहरु स्थानीय तहको वार्षिक कार्यक्रममा समावेश गर्ने । | | | क) स्थानीय तह | – | – | पहिलो वर्ष | |
| ३.१.२.२ हिंसाको कारण स्वास्थ्य समस्यामा | | | क) स्थानीय तह | – | – | पहिलो वर्ष | उपसमिति |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| परेका महिलाहरुलाई आवश्यक सहयोग पुर्‍याउन स्थानीय तहमा घुम्ती स्वास्थ्य शिविर (मोबाइल हेल्थ क्याम्पहरु) सञ्चालन गर्ने । | | | | | | | स्वास्थ्य मन्त्रालय<br>आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>सामाजिक विकास मन्त्रालय<br>जिल्ला जनस्वास्थ्य कार्यालय |
| ३.१.२.२ उपसमितिले पहिचान गरी तत्काल वा दिर्घकालीन स्वास्थ्य सहायताका सिफारिश गरेका यौनजन्य हिंसा प्रभावित महिलाहरुलाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने । | | | क) स्थानीय तह | – | – | दोश्रो र तेश्रो वर्ष | स्वास्थ्य मन्त्रालय<br>सामाजिक विकास मन्त्रालय<br>जिल्ला जनस्वास्थ्य कार्यालय |
| ३.१.२.३ उपसमितिले पहिचान गरी सिफारिश गरेका यौनजन्य हिंसा प्रभावित महिलाहरुलाई नियमित निशुःल्क रुपमा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराई आवश्यकता अनुसार मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने । | | | क) स्थानीय तह<br>क) सामाजिक विकास मन्त्रालय | ख) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | – | दोश्रो र तेश्रो वर्ष | मनोसामाजिक परामर्शदाता<br>गैसस |
| ३.१.२.४ द्वन्द्वकालीन यौनजन्य हिंसा पीडित महिलाहरुलाई नेपाल सरकारले संचालन गरेको निःशुल्क स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गर्ने । | | | क) स्वास्थ्य मन्त्रालय | – | – | दोश्रो वर्ष | स्थानीय तह |
| **३.१.३ द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसा पीडित तथा प्रभावित महिला र** | **द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसा पीडित तथा** | **शैक्षिक योग्यता वृद्धि भएका द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसा पीडित तथा प्रभावित महिला हरुको संख्या** | **क) शिक्षा मन्त्रालय** | **–** | **–** | **निरन्तर** | **आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>सामाजिक विकास मन्त्रालय** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **उनका परिवारका सदस्यको शैक्षिक योग्यता र क्षमता बढाउन आवश्यक कार्यक्रमहरु गर्ने ।** | **प्रभावित महिला र उनका परिवारका सदस्यको शैक्षिक योग्यता र क्षमतामा अभिवृद्धि भएको हुनेछ ।** | **कार्यक्रममा समावेश भएका परिवारका सदस्यको संख्या ।** | **क) स्थानीय तह** | | | | |
| ३.१.३.१ द्वन्द्व प्रभावित ( विशेषगरी द्वन्द्वका कारण यौनजन्य हिंसाबाट प्रभावित) महिला तथा उनीहरुको शैक्षिक योग्यता तथा क्षमता अभिवृद्धिका लागि दिर्घकालीन कार्यक्रमहरु स्थानीय तहको वार्षिक कार्यक्रममा समावेश गर्ने । | | **प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्राप्त गरेका लक्षीत समूहको संख्या ।** | क) स्थानीय तह | – | – | पहिलो वर्ष | |
| ३.१.३.२ द्वन्द्वकालीन यौनजन्य हिंसा प्रभावीत महिला र उनका सन्तानलाई स्नातक तहसम्मको शिक्षा पूरा गर्नका लागि छात्रवृत्ति प्रदान गर्ने । | द्वन्द्वकालीन यौनजन्य हिंसा प्रभावित महिला र उनका बालबालीकाले छात्रावृत्ति प्राप्त गरेका हुने छन् | द्वन्द्वकालीन यौनजन्य हिंसा प्रभावित महिला र उनका बालबालिकाले छात्रावृत्ति प्राप्त गरेको संख्या । | क)) शिक्षा , विज्ञान तथा प्रविधि मन्त्रालय | – | – | दोश्रो वर्ष | स्थानीय तह |
| ३.१.३.३ द्वन्द्वको कारण शिक्षाबाट वञ्चित भएका महिला तथा उनीहरुका परिवारका सदस्यलाई औपचारिक तथा अनौपचारिक शिक्षा कार्यक्रमहरुमा आबद्ध गर्ने । | | | क) स्थानीय तह | – | – | निरन्तर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.१.३.४ द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसा प्रभावित महिला परिवारका सदस्यलाई प्राविधिक तथा व्यवसायिक शिक्षाका कार्यक्रमहरुमा आबद्ध गर्ने । | | | क) स्थानीय तह<br><br>क) श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br><br>क) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | – | | निरन्तर | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्<br>(CTEVT) |
| **३.१.४ द्वन्द्व प्रभावित ( विशेषगरी यौनजन्य हिंसाबाट प्रभावित महिला तथा बालिका) का विशेष आवश्यकता पहिचान अनुसार दिर्घकालीन तथा अल्पकालीन जिविकोपार्जनका कार्यक्रमहरु संचालन गर्ने ।** | **द्वन्द्व प्रभावित महिला र बालिका ( विशेषगरी यौनजन्य हिंसाबाट प्रभावित महिला तथा बालिका का विशेष आवश्यकता पहिचान अनुसार दिर्घकालीन तथा अल्पकालीन जिविकोपार्जनका कार्यक्रमहरुमा पहुँच वृद्धि भएको हुने छ ।** | **दिर्घकालिन तथा अल्पकालिन जिविकोपार्जनका कार्यक्रम प्राप्त गर्नेको संख्या ।**<br><br>**सिपमूलक तालिम प्राप्त गरि अवलोकन भ्रमणको संख्या ।** | **क) स्थानीय तह**<br><br>**क) आन्तरिक मामिला तथा कानून मन्त्रालय**<br><br>**क) सामाजिक विकास मन्त्रालय** | **ख) उद्योग मन्त्रालय**<br><br>**ख) महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**<br><br>**ग) श्रम मन्त्रालय** | | **निरन्तर** | **गृह मन्त्रालय,**<br>**उद्योग बाणिज्य मन्त्रालय,**<br>**महिला उद्यमी महासंघ, द्वन्द्व प्रभावित महिलाहरुको राष्ट्रिय सञ्जाल,**<br>**गैर सरकारी संस्थाहरु, घरेलु तथा साना उद्योग विभाग, सीप तथा प्रविधि विकास केन्द्र लगायत ।** |
| ३.१.४.१ द्वन्द्व प्रभावित (विशेषगरी यौनजन्य हिंसाबाट प्रभावित महिला तथा बालिका)को आर्थिक सशक्तिकरणका लागि दिर्घकालीन कार्यक्रमहरु स्थानीय तहको वार्षिक कार्यक्रममा समावेश गर्ने । | | | क) स्थानीय तह | – | – | पहिलो वर्ष | |
| ३.१.४.२ स्थानीय तहमा द्वन्द्व प्रभावित महिलाका लागि आय आर्जनमुलक व्यवसाय संचालन गर्न सहयोग गर्ने । | | | क) स्थानीय तह | – | – | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.१.४.३ द्वन्द्व प्रभावित महिलाहरुलाई सीप मूलक तालिम प्रदान गरी निजहरुलाई व्यवसाय संचालनका लागि विऊ पूँजी, विना धितो ऋण वा सहुलियतपूर्ण ऋणको व्यवस्था गन सहजीकरण गर्ने । | | | क) स्थानीय तह<br>क) उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>क) नेपाल राष्ट्र बैंक | – | – | दोश्रो वर्ष | गृह मन्त्रालय |
| ३.१.४.४ उप समितिले पहिचान गरि सीप विकास र व्यवसायीक तालीम प्रदान गरेका द्वन्द्वकालीन यौनजन्य हिंसा प्रभावीत महिलाहरुलाई जिविकोपार्जनका लागि सहयोग वा व्यवसाय संचालनको लागि अनुदान प्रदान गर्ने । | | | क) गृह मन्त्रालय | – | – | दोश्रो वर्ष | अर्थ मन्त्रालय<br>राष्ट्रिय योजना आयोग |
| ३.१.४.५ सीपमूलक तालिम प्राप्त गरेकाहरुलाई रोजगारीका निमित्त रोजगारदाताहरु संग सम्पर्क तथा समन्वय स्थापित गराउने । | | | क) स्थानीय तह | – | – | दोश्रो वर्ष | उद्योग बाणिज्य संघहरु |
| ३.१.४.६ सीपमुलक तालिम प्राप्त गरी व्यवसाय गर्नेहरुका लागि अवलोकन भ्रमणको व्यवस्था गर्ने । | | | क) स्थानीय तह | – | – | दोश्रो वर्ष | |
| **रणनीतिक उद्देश्य ३.२ : द्वन्द्व प्रभावित महिला, अपाङ्गता भएका व्यक्ति, मानसिक स्वास्थ्यमा समस्या भएका तथा बालिकाहरुका लागि पु:नप्राप्तिका कार्यक्रमहरु संचालन गर्ने ।** | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३.२.१ द्वन्द्व प्रभावित महिला (विशेषगरी यौनजन्य हिंसाबाट प्रभावित महिला) बालिका, पुर्व महिला लडाकुहरुलाई परिवार तथा समाजमा पुनर्स्थापना गर्ने वातावरण सिर्जनाका लागि पारिवारिक तथा सामाजिक कार्यक्रम संचालन गर्ने । | द्वन्द्व प्रभावित महिला, बालिका तथा पुर्व लडाकु महिला परिवार तथा समाजमा पुनर्स्थापना भएका हुनेछन । | सञ्चालित आयआर्जनको कार्यक्रम र सहभागी संख्या एवं पुनःस्थापित संख्या ।<br><br>द्वन्द्व प्रभावित बालबालिका, महिला तथा उनका परिवारले स्वाथ्य सेवा प्राप्त गरेको संख्या ।<br><br>द्वन्द्वको कारण शिक्षाबाट बञ्चित भएका महिला तथा उनीहरुका परिवारका सदस्यका लागि औपचारिक तथा अनौपचारिक शिक्षा प्राप्त गर्नेको संख्या ।<br><br>सचेतना कार्यक्रम र तालीम प्राप्त गर्नेको संख्या ।<br><br>द्वन्द्वका कारण मानसिक स्वास्थ्यमा समस्या भएका महिलाहरुले सेवा प्राप्त गर्नेको संख्या ।<br><br>स्थानीय करहरुमा छुट प्राप्त गर्ने द्वन्द्व प्रभावीत महिलाहरुको संख्या<br><br>कर छुट दिइएका विषयहरु ।<br><br>स्मारक, स्मृतिका कार्यक्रम।<br><br>द्वन्द्व प्रभावीत महिलाहरुको संकलित कथा,<br><br>घटनाहरुको अभिलेख, श्रोत केन्द्रको संख्या । | क) स्थानीय तह<br><br>क) सामाजिक विकास मन्त्रालय<br><br>क) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | ख) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>ख) आन्तरिक मामिला तथा कानून मन्त्रालय | | निरन्तर | द्वन्द्व प्रभावित महिलाहरुको राष्टिय तथा स्थानीय संजाल<br>नागरिक समाज<br>गैसस |
| ३.२.१.१ स्थानीय रेडियोबाट सचेतनामूलक कार्यक्रमहरु प्रसारण गर्ने । | | | क) स्थानीय तह | – | – | निरन्तर | |
| ३.२.१.२ उप समितिले पहिचान गरेका द्वन्द्व प्रभावित (विशेषगरी यौनजन्य हिंसाबाट प्रभावित महिला) का परिवारका सदस्यहरुलाई लक्षित सचेतना कार्यक्रम संचालन गर्ने । | | | क) स्थानीय तह | – | – | निरन्तर | |
| ३.२.१.३ उप समितिले सिफारिस गरेका द्वन्द्वप्रभावित महिलाहरुका लागि सबै प्रकारको स्थानीय करहरुमा छुटको व्यवस्था गर्न सहजीकरण गर्ने । | | | क) स्थानीय तह | – | – | निरन्तर | |
| ३.२.१.४ द्वन्द्वका बहुआयामिक प्रभाव र | द्वन्द प्रभावित महिला र | | क) स्थानीय तह | – | – | निरन्तर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| असरहरु प्रतिबिम्बित हुने गरी महिला तथा बालबालिकाहरुको सम्भनामा स्थानीय तहमा द्वन्द्व प्रभावित महिला सञ्जालहरुसंगको सहकार्यमा स्मृतिका कार्यक्रमहरु सञ्चालन गर्ने । | बालिकाहरुको सम्भनामा स्मारक स्थापना लगायत अन्य कार्यक्रमहरु संचालन भएको हुनेछ । | | क) गृह मन्त्रालय<br><br>क) आन्तरिक मामिला तथा कानून मन्त्रालय | | | | |
| ३.२.१.५ द्वन्द्व प्रभावित महिलाको वास्तविक जीवन कथालाई डिजिटल कथा कथन(Digital Story-Telling), डकुमेन्टरी निर्माण र *कलात्मक तथा नाट्य प्रस्तुती* मार्फत अभिलेख गरी प्रचार प्रसार गर्ने । | | | क) सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br><br>क) स्थानीय तह | – | – | निरन्तर | द्वन्द्व प्रभावित महिलाहरुको संजाल<br>नागरिक समाज<br>गैसस |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.२.१.६ द्वन्द्व प्रभावित महिलाहरुसंग सम्वन्धित संकलित सामग्रीहरुको अभिलेखालय रहने गरी संघीय र प्रादेशिक तहमा “महिला शान्ति श्रोत केन्द्र” ( Women Peace Resource Center) को स्थापना गर्ने । | | | क) गृह मन्त्रालय<br><br>क) शहरी विकास मन्त्रालय<br><br>क) आन्तरिक मामिला तथा कानून मन्त्रालय<br><br>क) भौतिक योजना तथा पूर्वाधार विकास मन्त्रालय<br><br>क) पर्यटन, वन, उद्योग तथा वातावरण मन्त्रालय | – | – | तेश्रो वर्ष | नेपाल सरकार |

घ) स्तम्भः क्षमता वृद्धि, श्रोत व्यवस्थापन एवं अनुगमन तथा मूल्यांकन

**उद्देश्यः राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्नका लागि सरोकारवाला निकायहरुको क्षमता अभिवृद्धि गर्ने र आवश्यक श्रोत र साधन सुनिश्चित गरी अनुगमन तथा मूल्यांकन कार्यलाई समेत प्रभावकारी बनाउने ।**

| क्रियाकलाप | अपेक्षित परिणाम | कार्य सम्पादन सूचक | जिम्मेवार निकाय | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | | | संघ/ प्रदेश/स्थानीय<br>(क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन् ।) | | |
| रणनीतिक उद्देश्य ४.१ राष्ट्रिय कार्ययोजना कार्यान्वयनको लागि कार्ययोजनामा उल्लेख भए बमोजीमका संयन्त्रहरु गठन गर्ने । | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **४.१<br>राष्ट्रिय कार्ययोजना कार्यान्वयनको लागि सघं, प्रदेश र स्थानीय तहमा तहगत समिति गठन गरी क्रियाशिल गराउने ।** | **राष्ट्रिय कार्ययोजना कार्यान्वयनका संयन्त्रहरु गठन भई क्रियाशील भएको हुनेछन ।** | **समितिहरुको संख्या र क्रियाकलापहरु ।<br>नियमित बैठक र निर्णयहरु** | **क. गृह मन्त्रालय<br>क. आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>क. स्थानीय तह** | | | **निरन्तर** | **गैसस** |
| ४.१.१ निम्न बमोजिमाका समिति गठन गरी क्रियाशिल बनाउने ।<br>● संघीय निर्देशक समिति<br>● प्रदेश निर्देशक समिति<br>● जिल्ला समन्वय समिति<br>● स्थानीय तह कार्यान्वयन समिति | | | क) गृह मन्त्रालय<br>क) आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>कं)स्थानीय तह | | | | |
| ४.१.२ द्वन्द्व प्रभावित महिला र बालिकाहरुको समष्टिगत आवश्यकता पहिचान गर्न स्थानीय तहमा उपसमिति गठन गर्ने । | | | | | स्थानीय तह | | |
| **रणनीतिक उद्देश्य ४.२ कार्ययोजना कार्यनव्यनका लागि पर्याप्त श्रोत र साधनको परिचालन गर्ने ।** | | | | | | | |
| **४.२.१ सरकारी स्रोतको अतिरिक्त विकासका साझेदार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था र नीजि क्षेत्रको श्रोत परिचालन गर्ने ।** | **राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि आवश्यक श्रोत र साधनको पर्याप्तता भएको हुनेछ ।** | **विकास साझेदार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, निजी क्षेत्रहरूले सहयोग गरेका श्रोतका परिमाण र संचालित कार्यक्रमहरु ।** | **क. अर्थ मन्त्रालय<br>क. महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय** | **ख. गृह मन्त्रालय<br>ख. कार्यक्रम सगं सम्वन्धीत सबै मन्त्रालयहरु** | | **निरन्तर** | **विकासका साझेदार, अन्तर्राष्ट्रिय गै. स.सं. र नीजि क्षेत्रहरु ।** |
| ४.२.१.१राष्ट्रिय कार्ययोजनाका लागि स्रोतको पहिचान गरी उल्लेखित क्रियाकलापहरुलाई नेपाल सरकारका तिनै तहका बार्षिक योजना, क्षेत्रगत योजना तथा आवधिक योजनामा समावेश गर्ने । | | | क) राष्ट्रिय योजना आयोग<br>क) सम्वन्धित मन्त्रालयहरु<br>क)प्रदेश मन्त्रालयहरु<br>क) स्थानीय तहहरु | | | | गृह मन्त्रालय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.२.१.२ विकास साझेदारबाट कार्ययोजना कार्यान्वयनको लागि वित्तिय तथा प्राविधिक सहायता परिचालनको प्रतिवद्दता प्राप्त गर्ने । | | | क) अर्थ मन्त्रालय<br>क) गृह मन्त्रालय | | | | |
| ४.२.१.३ कार्ययोजना कार्यान्वयनका लागि लागतको आँकलन तयार गर्ने । संघ, प्रदेश र स्थानीय तह एवं अन्य साझेदार निकायहरु वीचको समन्वय , सहकार्य र साझेदारीमा श्रोत परिचालन र एकिकृत रुपमा कार्यक्रम संचालन गर्ने । | | | क.गृह मन्त्रालय | सम्बद्ध सघिय मन्त्रालयहरु | | | |
| रणनीतिक उद्देश्य ४.३: राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि सम्वन्धित सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने । | | | | | | | |
| **४.३.१ राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहमा क्षमता अभिवृद्धिका क्षेत्रहरु पहिचान गरी बार्षिक र अर्ध बार्षिक योजना निर्माण गरी कार्यान्वयन गर्ने ।।** | कार्ययोजना निर्माण भई कार्ययोजनाका सरोकारवालाहरुको क्षमता अभिवृद्धि भई प्रभावकारी कार्यन्वयनमा सहयोग पुगेको हुनेछ । | निर्मित योजना ।<br>संचालित क्षमता अभिवृद्धिका कार्यक्रमहरुको सख्या र प्रकार ।<br>सहभागिहरुको सख्याँ । | गृह मन्त्रालय<br>आन्तरिक मामिला तथा कानुन मन्त्रालय<br>स्थानीय तह | | | निरन्तर | नगरपालिका महासघं<br>गाँउपालिका महासंघ<br>जिल्ला समन्वय समिति महासघं<br>गैर सरकारी संस्था |
| ४.३.१.१ क्षमता अभिवृद्धिका योजना तयार गर्ने | | | | | | | |
| ४.३.१.२ योजनाले पहिचान गरेका क्षमता अभिवृद्धिका कार्यक्रमहरुलाई तत् तत् तहका वार्षिक योजनामा समावेश गरी बजेट विनियोजन गर्ने । | | | | | | | |
| ४.३.१.३ क्षमता अभिवृद्धिको आवश्यकता पहिचान भई तहगत योजनामा नपरेका अन्य क्षमता अभिवृद्धिका कार्यक्रमहरु आवश्यकता अनुसार संघ र प्रदेशले संचालन गर्ने । | | | | | | | |
| ४.३.१.४ कार्ययोजना कार्यन्वयनका असल अभ्यास र अनुभव आदान प्रदानका लागि आंतरिक तथा बाह्य अवलोकन कार्यक्रम आयोजना गर्ने । | | | | ’ | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.३.१.५ द्वन्द्व प्रभावित महिला र बालिकाहरुको समष्टिगत आवश्यकता पहिचान उपसमितिका सदस्यहरुको क्षमता अभिवृद्धिका तालिमहरु सञ्चालन गर्ने । | | | | | | | |
| रणनीतिक उद्देश्य ४.४: कार्ययोजना कार्यान्वयन सम्बन्धी अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गरी कर्यान्वयन गर्ने । | | | | | | | |
| **४.४.१ राष्ट्रिय कार्ययोजना अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गर्ने ।** | **प्रभावकारी अनुगमन तथा मूल्यांकन प्रणाली स्थापित र क्रियाशिल भएको हुनेछ ।** | **अनुगमन तथा मूल्यांकन प्रणालीको स्थिति र प्रतिवेदन** | **क.गृह मन्त्रालय क। आन्तरिक मामिला तथा कानून मन्त्रालय** | | | **निरन्तर** | **गैसस, द्वन्द्व प्रभावित महिलाहरुको** |
| | | | | | | | |
| ४.४.१.१ परिणाममुखी अनुगमन विधि अनुरुप राष्ट्रिय कार्ययोजनाको अनुगमन मुल्यांकन प्रणालीलाई राष्ट्रिय मुल्याङ्कन प्रणालिमा आवद्ध गर्ने । | | | | | | | |
| ४.४.१.२ चौमासिक, अर्धबार्षिक र बार्षिक अनुगमन प्रणालीलाई क्रियाशिल गरी यसलाई संघीय निर्देशक समिति र कार्ययोजना कार्यान्वयन प्रदेश निर्देशक समितिको वैठकमा समीक्षा गर्ने । | | | | | | | |
| ४.४.१.३ अनुगमन तथा मूल्याङ्कनबाट आएका निष्कर्षहरू/ कार्ययोजना कार्यान्वयन सम्वन्धी बार्षिक अनुगमन तथा मुल्याँकन प्रतिवेदन तथा मध्यावधि र अन्तिम मुल्याँकन प्रतिवेदन तयार गरि सार्वाजनिकीकरण गर्ने । | | | | | | | |
| ४.४.१.४ बर्षको एकपटक बुलेटिनको प्रकाशन गर्ने । | | | | | | | |
| ४.४.१.५ आवश्यकता अनुसार जानकारी पुस्तिका,ब्रोशर प्रकाशन गर्ने । । | | | | | | | |
| **४.४.२ राष्ट्रिय कार्ययोजना कार्यान्यवन सम्बन्धमा भएका सम्पुर्ण क्रियाकलापहरुलाई समेटिने गरि विवरणात्मक वृत्तचित्र तयार गरी प्रशारण गर्ने ।।** | **राष्ट्रिय कार्ययोजना कार्यान्यवन सम्वन्धी सम्पूर्ण क्रियाकलापहरुको अभिलेखिकरण तयार भई अनुगमन तथा मूल्यांकनमा सहयोग पुगेको हुनेछ ।** | **निर्मित वृत्तचित्र ।** | **गृह मन्त्रालय सुचना तथा संचार मन्त्रालय** | **आन्तरीक मामिला तथा कानुन मन्त्रालय** | **स्थानीय तह** | **निरन्तर** | **गैसस** |

## ८. कार्ययोजना कार्यान्वयन प्रक्रिया, संरचनागत व्यवस्था

महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्ले पारित गरेका प्रस्ताव नम्बर १३२५, १८२० र अन्य पूरक प्रस्तावहरुको दोश्रो चरणको त्रिवर्षिय राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि मुलुकको संघीय संरचना अनुरुप संघ, प्रदेश र स्थानीय तहमा विभिन्न आवश्यक संरचनागत व्यवस्थाहरु र सो निकायहरुले सम्पादन गर्नु पर्ने कार्य देहाय बमोजिम निर्दिष्ट गरिएको छ ।

८.१ राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तह तथा तत्तत् तह अन्तर्गत रहेका जिम्मेवार तथा सहयोगी निकायहरुले राष्ट्रिय कार्ययोजना अनुरुपका कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्नेछन् । कार्यक्रम तर्जुमा एवं कार्यान्वयनका लागि संघीय तहमा गृह मन्त्रालय, प्रदेश तहमा आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तहमा सम्वन्धीत स्थानीय तहको नेतृत्व तथा संघ र प्रदेशमा रहेका क्रियाकलापसंग सम्वन्धीत मन्त्रालयहरुसंग र स्थानीय तहमा जिल्ला समन्वय समितिसंग सहकार्य र समन्वय गरी यस कार्ययोजना प्रभावकारी ढंगले कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ ।

८.२ राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउन संघीय तहमा गृह मन्त्रालय र प्रदेश तहमा आन्तरिक मामिला तथा कानून मन्त्रालय, अन्तर्गत सचिवालयहरु रहनेछन् । सचिवालयले संघीय तथा प्रदेश तहका मन्त्रालय र जिम्मेवार निकायहरुसंग समन्वय गरी तोकिएको जिम्मेवारी पूरा गर्न आवश्यक योजना तयार गरी लागू गर्ने छ ।

८.३ राष्ट्रिय कार्ययोजनाले निर्दिष्ट गरेका कार्यक्रमहरुको लागि स्थानीय तहबाट आएका सुझाव, सिफारिस, तत्काल कार्य सम्बोधन गर्नुपर्ने जस्ता कार्यका लागि आवश्यक पर्ने टोली तथा विज्ञ समूहहरु गठन गरी आवश्यक जिम्मेवारी प्रदान गरिनेछ र त्यस्तो टोली, विज्ञ समूह गठन गर्दा सम्वन्धित क्षेत्रका व्यक्तिहरुको सहभागिता सुनिश्चित गरिने छ ।

८.४ संघीय तहमा जिम्मेवार मन्त्रालय र विभाग एवं प्रदेश र स्थानीय तहमा महिला तथा बालवालिका, स्वास्थ्य, शिक्षा, सुरक्षा, घरेलु तथा साना उद्योग र राष्ट्रिय कार्ययोजनामा उल्लेख गरिएका अन्य क्षेत्रगत निकायसंगको सहकार्यमा कार्यक्रम सञ्चालन गरिने छ । कार्ययोजना कार्यान्वयन गर्दा द्वन्द्व प्रभावित महिलाहरुको राष्ट्रिय संजाल, महिला अधिकारका क्षेत्रमा कार्यरत नागरिक समाज, सामुदायिक संस्था , महिला मानवअधिकार रक्षकहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघसंस्था, संयुक्त राष्ट्रसंघिय निकाय, विकासका साझेदार संस्थालाई अधिकतम परिचालन गरी आवश्यक सहकार्य गरिने छ । साथै सम्वन्धीत निकायहरुको सुदृढिकरणको लागि क्षमता अभिवृद्धि कार्यक्रम समेत सञ्चालन गरिने छ ।

८.५ प्रत्येक स्थानीय तह अन्तर्गत नगरपालिकामा उपप्रमुख , गाउँपालिकामा उपाध्यक्ष वा महिला उप प्रमुख वा उपाध्यक्ष नभएको अवस्थामा  कार्यपालिकाका महिला सदस्यको संयोजकत्वमा द्वन्द्व पीडित तथा प्रभावित  बढिमा दुई जना महिला, एकजना मनोसामाजिक परामर्शदाता र महिला विकास शाखाका प्रमुख  गरि पाँच सदस्यीय "**द्वन्द्व पीडित तथा प्रभावित महिला तथा बालिकाको समष्टिगत आवश्यकता पहिचान उपसमिति**" रहनेछ। साथै, दुईजना द्वन्द्व पीडित तथा प्रभावित महिलामध्ये तत्कालिन राज्य पक्ष र तत्कालिन विद्रोही पक्षबाट पीडित एक एकजना प्रतिनिधि रहनेछन् । यस उपसमितिले द्वन्द्वकालीन लैंङ्गिक तथा यौनजन्य हिंसाका पीडित तथा प्रभावित महिलाको पहिचान गरी उनीहरुको तत्कालीन आवश्यकता र दिर्घकालिन सरोकारका विषयहरुलाई सम्बोधन गर्नका लागि योजना तथा कार्यक्रम सिफारिस गर्नेछ ।  यो उपसमितिको कार्य जिम्मेवारी यस राष्ट्रिय कार्ययोजनाको *अनुसूची १* बमोजिम हुनेछ ।

८.६ द्वन्द्वकालीन यौनजन्य हिंसा पीडित तथा प्रभावित महिलाको पहिचान खुल्ने व्यक्तिगत विवरण, घटनाको प्रकृति र त्यससंग सम्वन्धीत अन्य संवेदनशिल विषयहरुको गोपनियतालाई सुनिश्चित गर्न प्रक्रिया र जिम्मेवारी सहितको  "***गोपनियता तथा संवेदनशिलता  सम्बन्धी आचार संहिता*** " निर्माण गरिनेछ ।

८.७ राष्ट्रिय कार्ययोजना कार्यान्वयनका प्रत्येक चरणमा "गोपनियता तथा संवेदनशिलता ***सम्बन्धी आचार संहिता*** लाई अनुसरण गरी द्वन्द्व पीडित तथा प्रभावित महिलासंग सम्वन्धित सूचनाहरु संकलन गरिनेछ । प्राप्त सूचनाहरु संघीय तहमा गृह मन्त्रालय र  प्रदेश तहमा आन्तरिक मामिला तथा कानून मन्त्रालयमा सुरक्षित रहने छ ।

८.८ प्रस्तुत कार्ययोजनाले द्वन्द्वकालीन लैंङ्गिक तथा यौनजन्य हिंसा पीडित तथा प्रभावित महिलाहरुको समष्टिगत आवश्यकतालाई पीडितमैत्री अवधारणाबाट पहिचान गरी राज्यको नीति तथा कार्यक्रम मार्फत सम्बोधन गरिनेछ । कार्ययोजना अन्तर्गतका कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका हरेक चरणमा द्वन्द्ववाट प्रभावित बालवालिका, द्वन्द्वकालीन यौनजन्य हिंसा पीडित तथा प्रभावित महिला, अपाङ्गता भएका महिला, आदिवासी जनजाति, दलित, लोपोन्मुख, लैंङ्गिक तथा यौनिक अल्पसंख्यक, ज्येष्ठ नागरिक र अन्य विपन्न तथा सिमान्तकृत समूहलाई केन्द्रमा राखिनेछ ।

८.९ स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमहरुमा द्वन्द्व पीडित तथा प्रभावित (विशेषगरी द्वन्द्वकालीन यौनजन्य हिंसा पीडित) महिला र बालिकाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी उनीहरुको ज्ञान, सीप र अनुभवलाई व्यवहारमा प्रयोग गरिने छ। यी कार्यक्रमहरु उनीहरुको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक सशक्तिकरणका लागि लक्षित गरिने छन् ।

८.१० राष्ट्रिय कार्ययोजना कार्यान्वयनका क्रममा प्राप्त जानकारी तथा सफल अभ्यासलाई अभिलेखिकरण गर्दै त्यस्ता अनुभवहरुलाई विभिन्न तह, क्षेत्र र विषयहरुमा आदान प्रदान गर्ने कार्यक्रम संचालन गरिने छ ।

८.११ यस राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अनुगमन तथा मूल्यांकनको लागि राष्ट्रिय मानवाधिकार आयोग, राष्ट्रिय महिला आयोग लगायतका अन्य संवैधानिक आयोगहरु तथा महिला अधिकार तथा मानवअधिकारका क्षेत्रमा काम गर्ने नागरिक समाजका प्रतिनिधि, द्वन्द्व पीडित तथा प्रभावित महिलाको प्रतिनिधित्व हुने गरी संघीय तहमा एक छुट्टै संरचना निर्माण गरिने छ । जिल्लामा जिल्ला समन्वय समितिले आफ्नो जिल्लामा रहेका स्थानीय तहमा क्रियाकलापको अनुगमन तथा मूल्यांकन गर्नेछ ।

## ९. संस्थागत व्यवस्था

### ९.१ संघीय निर्देशक समिति

राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि संघीय तहमा देहाय बमोजिमको २९ सदस्यीय संघीय निर्देशक समिति रहने छ ।

१.मन्त्री, गृह मन्त्रालय ...संयोजक

२. सभापति, महिला तथा सामाजिक समिति, प्रतिनिधि सभा, ... सदस्य

३. प्रदेश मन्त्रीहरु, आन्तरिक मामिला तथा कानून मन्त्रालय............... ७ सदस्य

४.सदस्य, राष्ट्रिय योजना आयोग(महिला, बालबालिका तथा ज्येष्ठ नागरिक)...सदस्य

५. सचिव (मानव अधिकार ), प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय....सदस्य

६. सचिव, रक्षा मन्त्रालय ....सदस्य

७. सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ....सदस्य

८. सचिव, गृह मन्त्रालय .....सदस्य

९. सचिव, अर्थ मन्त्रालय..... सदस्य

१०. सचिव, परराष्ट्र मन्त्रालय ....सदस्य

११. सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,... सदस्य

१२. सचिव, महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय.... सदस्य

१३.सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय......सदस्य

१४. सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सदस्य

१५. संयोजक, जिल्ला समन्वय समिति महासंघ,...सदस्य

१६. अध्यक्ष, नेपाल नगरपालिका सघ,..सदस्य

१७. अध्यक्ष, गाँउपालिका राष्ट्रिय महासंघ ..सदस्य

१८. निर्देशक समितिले तोके बमोजिम द्वन्द्व प्रभावित समुहहरुको संजालबाट दुईजना महिला प्रतिनिधि....सदस्य

१९. प्रतिनिधि, सिमान्तकृत, अपाङ्ता, लैङ्गिक तथा यौनिक अल्पसख्यक, दलित, आदिवासी, जनजाति समुदायको क्षेत्रमा कार्यरत संघ सस्थाबाट समितिले तोके बमोजिम तीन जना .. सदस्य

२०. सहसचिव, गृह मन्त्रालय (सम्वन्धित कार्यक्रम हेर्ने) )...सदस्य सचिव

संघीय निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रित सदस्यको रुपमा संयुक्त राष्ट्रसंघीय निकायका आवासीय प्रतिनिधिको कार्यालयका प्रतिनिधि, विकासका साझेदार संस्थाका प्रतिनिधि र यस क्षेत्रमा कार्यरत गैरसरकारी संघसस्थाका प्रतिनिधिहरु एवं विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

**९.१.१ संघीय निर्देशक समितीको काम कर्तव्य र अधिकारः**

(क) महिला, शान्ति र सुरक्षाका विषयको मूलप्रवाहिकरण सम्बन्धी नीतिगत व्यवस्था गर्ने, गराउने ।

(ख) द्वन्द्व र द्वन्द्वोत्तरकालमा हुने लैङ्गिक हिंसा रोकथाम र नियन्त्रण सम्बन्धी नीतिगत व्यवस्था गर्न सुझाव दिने,

(ग) कार्ययोजना कार्यान्वयनका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय सहयोग प्राप्त गर्न सहजीकरण गर्ने,

(घ) कार्ययोजना कार्यान्वयनका लागि आवश्यक स्रोत व्यवस्थापन गर्ने ।

(ङ) कार्ययोजना कार्यान्वयन सम्बन्धमा सम्वंन्धित निकायहरुसंग समन्वय गर्दै ती निकायहरुलाई आवश्यक निर्देशन दिने,

(च)संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं. १३२५, १८२० र अन्य पूरक प्रस्तावहरुको कार्यान्वियन स्थितिको सम्बन्धमा संयुक्त राष्ट्रसघंमा पेश गर्ने प्रतिवेदन तयारीका लागि सुझाव दिने,

(छ) शान्ति प्रवर्द्धन र यसका लाभहरुको उपभोग सम्बन्धमा सम्वन्धित निकायहरुसंग समन्वय गर्ने ।

(ज) कार्यान्वयनमा आइपरेका चुनौति समाधानका लागि सहजीकरण गर्ने ।

### ९.१.२ संघीय समन्वय सचिवालयः

संघीय तहमा गृह मन्त्रालय अर्न्तगत राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि  मन्त्रालयका सहसचिवको संयोजकत्वमा संघीय समन्वय सचिवालय  रहने छ ।  सचिवालयका संयोजकले आवश्यकता अनुसार सम्वन्धित विषयका विज्ञहरुलाई समेत सचिवालय अर्न्तगत रही कार्य गर्ने गरी जिम्मेवारी दिन सक्नेछ ।

### ९.१.३ संघीय समन्वय सचिवालयको काम कर्तव्य र अधिकारः

सचिवालयले राष्ट्रिय कार्ययोजना कार्यान्वयनको लागि आवश्यक पर्ने स्रोत साधन जुटाउन आवश्यक सहजीकरण  गर्ने,  संघ, प्रदेश र स्थानीय तहका जिम्मेवार निकायहरुलाई सहयोग गर्ने, संघीय निर्देशक समितिको बैठक आयोजना गर्न सहयोग गर्ने कार्यका अतिरिक्त देहाय बमोजिमका काम, कर्तव्य र अधिकारहरु रहने छन् ।

(क) राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्न विभिन्न निकायहरुबिच समन्वय गर्ने प्रमुख ईकाइको कार्य गर्ने ।

(ख) राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्न विभिन्न निकायहरुविच आवश्यक समन्वय गर्ने ।

(ग) राष्ट्रिय कार्ययोजना कार्यान्वयनका सम्बन्धमा अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने।

(घ) राष्ट्रिय कार्ययोजना कार्यान्वयनलाई प्रभावकारी बनाउन नियमित अनुगमन तथा मुल्याङ्कन गर्ने,

(ङ) संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्वाट पारित प्रस्ताव नं. १३२५, १८२० र अन्य पूरक प्रस्तावहरुको कार्यान्वयनसंग सम्वन्धीत विषयहरुमा आवधिक रुपमा जर्नल, ब्रोसियर, बुलेटिन, पर्चा, पम्पलेटहरु लगायतका सुचना सामाग्रीहरु प्रकाशित गर्ने ।

(च) सबै तहका समितिहरु विच समन्वय गर्ने र आवश्यक सुचना, जानकारीहरु आदानप्रदान गर्ने ।

(छ) राष्ट्रिय कार्ययोजना कार्यान्वयनको लागि प्रमुख प्रशासकीय ईकाइको रुपमा कार्य गर्ने ।

### ९.२ प्रदेश निर्देशक समितिः

प्रदेश अर्न्तगत देहाय बमोजिम १८ सदस्यीय कार्ययोजना कार्यान्वयन तथा निर्देशन गर्न प्रदेश निर्देशक समिति रहने छ ।

१. मन्त्री, आन्तरिक मामिला  तथा कानून मन्त्रालय - संयोजक

२. सभापति, महिला तथा बालबालिका हेर्ने समिति, प्रदेश सभा, .. सदस्य

३. प्रमुख सचिव, प्रदेश सरकार - सदस्य

४. सचिव, सामाजिक विकास मन्त्रालय - सदस्य

५. सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय- सदस्य

६. सचिव, भौतिक पुर्वाधार विकास मन्त्रालय -.सदस्य

७. सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय- सदस्य

८. सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय- सदस्य

९. प्रतिनिधि, महिला, शान्ति र सुरक्षा क्षेत्रमा कार्यरत संघ सस्था तथा नागरिक समाजबाट समितिले मनोनयन गरेका २ जना महिला - सदस्य

१०. प्रतिनिधि, द्वन्द्व प्रभावित महिलाहरुको संजालबाट समितिले मनोनयन गरेका दुई जना - सदस्य

११. प्रतिनिधि, सिमान्तकृत, अपाङ्ता, लैङ्गिक तथा यौनिक अल्पसख्यक, दलित, आदिबासी, जनजाति समुदायको क्षेत्रमा कार्यरत संघसस्थाबाट समितिले मनोनयन गरेका तिन जना - सदस्य

१२. संयोजक, जिल्ला समन्वय समिति प्रदेश महासंघ.... सदस्य

१३. प्रदेश सभापति, नेपाल नगरपालिका संघ - सदस्य

१४. प्रदेश अध्यक्ष, गाँउपालिका राष्ट्रिय महासंघ -सदस्य

१५. उपसचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय- सदस्य सचिव

प्रदेश निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रित सदस्यको रुपमा अन्तरपार्टी महिला सञ्जालका प्रतिनिधी, संयुक्त राष्ट्रसंघ कार्यालयका प्रतिनिधि, विकासका साझेदार संस्थाका प्रतिनिधि, यस क्षेत्रमा कार्यरत गैरसरकारी संघसस्थाका प्रतिनिधीहरु एवं यस विषयका विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

**९.२.१ प्रदेश निर्देशक समितिको काम कर्तव्य र अधिकारः**

प्रदेश निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. प्रदेश स्तरीय कार्ययोजना कार्यान्वयनमा विभिन्न निकायहरु वीच समन्वय गर्ने ।

२. कार्ययोजना कार्यान्वयनका लागि आवश्यक स्रोत व्यवस्थापन गर्ने ।

३. कार्ययोजनालाई प्रदेश तहमा संचालित क्षेत्रगत निकायका बार्षिक योजना तथा कार्यक्रममा समावेश गराउने ।

४. कार्ययोजना कार्यान्वयन सम्बन्धमा प्रदेश तहमा कार्यशाला तथा अन्तक्रिया आयोजना गर्ने,

५. संघीय निर्देशक समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने तथा निर्देशक समितिले तोकेको काम गर्ने

६. प्रदेश भित्र सञ्चालित राष्ट्रिय कार्ययोजनासंग सम्वन्धित कार्यक्रमहरुको कार्यान्वयनको अनुगमन तथा मुल्याङ्कन गर्ने ।

७. कार्ययोजना कार्यान्वयनको समीक्षा गरी वार्षिक प्रतिवेदन तयार गर्ने र संघीय निर्देशक समिति समक्ष पेश गर्ने ।

**९.३ प्रदेश समन्वय सचिवालय :**

प्रदेश तहमा आन्तरिक मामिला तथा कानून मन्त्रालय अन्तर्गत मन्त्रालयका उपसचिवको संयोजकत्वमा कार्ययोजना कार्यान्वयनका लागि प्रदेश समन्वय सचिवालय रहने छ । यसका अतिरिक्त संयोजकले आवश्यकता अनुसार सम्वन्धित विषयका विज्ञहरुलाई समेत सचिवालय अन्तर्गत रही कार्य गर्ने गरी जिम्मेवारी दिन सक्नेछन् ।

**९.३.१ प्रदेश समन्वय सचिवालयको काम कर्तव्य र अधिकार :**

सचिवालयले राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत साधन जुटाउन आवश्यक सहजीकरण गर्ने, कार्ययोजना कार्यान्वयन गर्न आवश्यकता अनुसार संघ, प्रदेश र स्थानीय तहका जिम्मेवार निकायहरुलाई सहयोग गर्ने, प्रदेश समितिको बैठक आयोजना गर्न सहयोग गर्ने कार्य गर्नेछ । यसका अतिरिक्त देहाय बमोजिमका काम, कर्तव्य र अधिकारहरु यस सचिवालयलाई रहने छन् ।

(क) प्रदेश तहमा कार्ययोजना कार्यान्वयनका लागि विभिन्न निकायहरु वीच समन्वय गर्ने प्रमुख इकाईको रुपमा कार्य गर्ने ।

(ख) कार्ययोजना कार्यान्वयनको सम्बन्धमा अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने ।

(ग) कार्ययोजना कार्यान्वयन लाई प्रभावकारी बनाउन नियमित अनुगमन तथा मुल्यांकन गर्ने,

(घ) संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्‌वाट पारित प्रस्ताव नं. १३२५ र १८२० र कार्ययोजनासँग सम्वन्धित विषयहरुमा आवद्यिक रुपमा जर्नल, ब्रोसियर, बुलेटिन, पर्चा, पम्पलेटहरु लगायतका सुचना सामाग्रीहरु प्रकाशित गर्ने ।

(ङ) सबै तहका समितिहरु वीच समन्वय गर्ने र आवश्यक सूचना आदानप्रदान गर्ने ।

**९.४ कार्ययोजना कार्यान्वयन जिल्ला समन्वय समिति :**

कार्ययोजना कार्यान्वयनका निकायहरु वीच समन्वय गर्न देहाय बमोजिमको कार्ययोजना कार्यान्वयन देहय बमोजिमको जिल्ला समन्वय समिति रहने छ ।

१. प्रमुख, जिल्ला समन्वय समिति........संयोजक

२. सम्वन्धीत जिल्लाका नगरपालिका तथा गाँउपालिकाका प्रमुख/अध्यक्ष,.............सदस्य

३. प्रमुख जिल्ला अधिकारी ...............सदस्य

४. प्रतिनिधि, नगरपालिका/गाउँपालिका अर्न्तगतका द्वन्द्व पीडित तथा प्रभावित महिला र बालिकाको समष्टिगत आवश्यकता पहिचान उपसमितिका संयोजक मध्येबाट समितिले तोकेका २ जना महिला सदस्य .......सदस्य

५. प्रमुख, जिल्ला स्थित स्वास्थ्य कार्यालय .............. सदस्य

६. प्रमुख, शिक्षा विकास तथा समन्वय इकाई .....................सदस्य

७. प्रमुख, जिल्ला प्रहरी कार्यालय.........................सदस्य

८. प्रमुख, जिल्ला स्थित सरकारी अस्पताल.......................... सदस्य

९. प्रतिनिधि समितिले तोकेको द्वन्द्व पीडित तथा प्रभावित महिला २ जना ......सदस्य

१०. प्रतिनिधि, पत्रकार महासंघ जिल्ला शाखा र नेपाल बार एशोसिएशन जिल्ला शाखा बाट एक एक जना .... सदस्य

११. प्रतिनिधि, महिला शान्ति र सुरक्षाको क्षेत्रमा कार्यरत गैह्र सरकारी संस्था मध्येबाट समितिले तोकेको दुई जना .............सदस्य

१२. प्रतिनिधि, सिमान्तकृत, अपाङ्ता, लैंङ्गिक तथा यौनिक अल्पसंख्यक, दलित, आदिबासी, जनजाति समुदायको क्षेत्रमा कार्यरत संघसस्थाबाट दुई जना .. सदस्य

१३. जिल्ला समन्वय अधिकारी .....सदस्य सचिव

संयोजकले तोके बमोजिम स्थानीय तहमा कार्ययोजना कार्यान्वयनमा सहयोग पुर्याउने अन्य कार्यालयका प्रतिनिधिहरुलाई आमन्त्रण गर्न सक्नेछन् ।

### ९.४.१ कार्ययोजना कार्यान्वयन जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकारः

कार्ययोजना कार्यान्वयन जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) स्थानीय तहहरु वीच राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्बन्धमा समन्वय गर्ने ।

(ख) स्थानीय तह भित्र सञ्चालित कार्ययोजनासंग सम्वन्धित कार्यक्रमहरुको कार्यान्वयनको अनुगमन तथा मुल्याङ्कन गर्ने ।

(ग) राष्ट्रिय कार्ययोजना कार्यान्वयनको सम्बन्धमा स्थानीय तहमा भएका सुझाव र चुनौतीहरु प्राप्त गरी प्रदेश तथा संघीय निर्देशक समिति समक्ष पठाउने ।

(घ) कार्ययोजना सम्बन्धी प्रगति विवरण प्रदेश र संघीय निर्देशक समितिलाई उपलव्ध गराउने ।

### ९.५ स्थानीय तह कार्यान्वयन समितिः

स्थानीय तहमा कार्ययोजना कार्यान्वयनको लागि देहाय बमोजिमको स्थानीय तह राष्ट्रिय कार्ययोजना कार्यान्वयन समिति रहनेछ ।

१. प्रमुख/अध्यक्ष, नगरपालिका/गाँउपालिका... संयोजक

२. उपप्रमुख/उपाध्यक्ष, नगरपालिका/गाँउपालिका... सहसंयोजक

३. प्रतिनिधि, स्थानीय तहका कार्यपालिका सदस्यहरुबाट एकजना महिला सहित समितिले तोकेका २ जना ....सदस्य

४. प्रमुख कार्यकारी अधिकृत, स्थानीय तह ... सदस्य

५. प्रतिनिधि, समितिले तोकेको द्वन्द्व पीडित तथा प्रभावित महिला २ जना ......सदस्य

६. प्रतिनिधि, महिला अधिकारका क्षेत्रमा कार्यरत गैर सरकारी संस्था मध्येबाट समितिले तोकेको १ जना .............सदस्य

७. शाखा प्रमुख, महिला विकास शाखा, स्थानीय तह ... सदस्य सचिव

**९.५.१ स्थानीय तह कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः**

(क) स्थानीय तहमा कार्ययोजना कार्यान्वयन  गर्ने ।

(ख) कार्ययोजना कार्यान्वयनका लागि आवश्यक स्रोत व्यवस्थापन गर्ने ।

(ग) स्थानीय तहमा कार्ययोजना कार्यान्वयन गर्न विभिन्न निकायहरु वीच आवश्यक समन्वय गर्ने ।

(घ) कार्ययोजना कार्यान्वयनलाई प्रभावकारी बनाउन नियमित अनुगमन तथा मुल्याङ्कन गर्ने ।

(ङ) कार्ययोजनालाई स्थानीय तहमा संचालित क्षेत्रगत निकायका बार्षिक योजना तथा कार्यक्रममा समावेश गराउने ।

(च) कार्ययोजना कार्यान्वयनका क्रममा आवश्यकता अनुसार विभिन्न समिति, उपसमिति, समूह, टोली गठन गर्ने र जिम्मेवारी  प्रदान गर्ने ।

(छ) कार्ययोजना कार्यान्वयन सम्बन्धमा स्थानीय तहमा कार्यशाला तथा अन्तर्क्रिया कार्यक्रम आयोजना गर्ने ।

(ज) संघीय निर्देशक समिति, प्रदेश निर्देशक समिति र कार्ययोजना कार्यान्वय जिल्ला  समन्वय समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने तथा निर्देशक समितिले तोकेको काम गर्ने ।

(झ) कार्ययोजना कार्यान्वयनको सम्बन्धमा वार्षिक प्रतिवेदन तयार गर्ने र कार्ययोजना कार्यान्वयन जिल्ला समन्वय समितिमा उपलब्ध गराउने ।

**९.६ द्वन्द्व पीडित तथा प्रभावित महिला तथा बालिकाको समष्टिगत आवश्यकता पहिचान उपसमिति**

यस उपसमितिको संरचना र कार्य जिम्मेवारी अनुसूची १ मा उल्लेख गरे बमोजिम हुनेछ ।

## १०. कार्ययोजना कार्यान्वयनका लागि स्रोत पहिचान र परिचालन

### क. त्रिवर्षीय खर्च प्रक्षेपण सहित कुल बजेटको आकार तयारी

१. संघीय तहमा यस कार्ययोजनाका कार्यन्वयनका लागि तोकिएका मुख्य जिम्मेवार मन्त्रालय र निकायहरुले अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगसगं नीतिगत छलफल गरी यस कार्ययोजनाको त्रि वर्षिय खर्चको कुल प्रक्षेपण सहित आन्तरिक र वाह्य श्रोतको वास्तविक अनुमान गरी प्रत्येक आर्थिक वर्षको बजेट प्रक्षेपणको प्रारम्भिक प्रतिवेदन तयार गर्ने छन ।

२. प्रदेश तहमा कार्ययोजना कार्यन्वयनका लागि तोकिएका मुख्य जिम्मेवार मन्त्रालय र निकायहरुले आन्तरिक मामिला तथा कानुन मन्त्रालय तथा प्रदेश नीति योजना आयोगसगं नीतिगत छलफल गरी यस कार्ययोजनाको त्रि वर्षिय खर्च प्रक्षेपण सहित प्रत्येक आर्थिक वर्षको बजेट प्रक्षेपणको प्रारम्भिक प्रतिवेदन तयार गर्ने छन ।

३. स्थानीय तहमा कार्ययोजना कार्यन्वयनका लागि स्थानीय तहहरुसगंको वृहत छलफलबाट वास्तविक अनुमान गरी कुल खर्च प्रक्षेपणको प्रारम्भिक प्रतिवेदन तयार गरिनेछ ।

४. कार्ययोजनामा तोकिएका क्रियाकलापहरुको कार्यन्वयनका प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको छुट्टा छुट्टै बजेट अनुमान तथा प्रक्षेपण गरी तहगत बार्षिक योजना तथा आवधिक योजनाहरु निर्माण गरिनेछ ।

### ख. कार्ययोजना कार्यान्यनका लागि स्रोत पहिचान

१. कार्ययोजनामा उल्लेखित क्रियाकलापहरुलाई संघ, प्रदेश र स्थानीय तहबाट सम्पन्न गर्नु पर्ने तहगत जिम्मेवारी अनुरुप खर्चको अनुपात बाँडफाँड गरिनेछ ।

२. **नेपाल सरकारः** कार्ययोजनामा उल्लिखित क्रियाकलापहरुलाई नेपाल सरकारका नियमित कार्यक्रमहरुबाट सम्बोधन गरिरहेका विषयहरु अर्न्तगत लागत वृद्धि गरी समावेश गरिने छ ।

३. **विकासका साझेदारः** कार्ययोजनालाई प्रभावकारी कार्यन्वयन गर्न विकासका साझेदारहरुबाट त्रि वर्षिय साझेदारीको पुर्व प्रतिबद्धता प्राप्त गरी कुल बजेटको वास्तविक अनुमान अनुरुप कुल साझेदारीको लागत सुनिश्चित गरिनेछ ।

४. **नीजि क्षेत्रः** कार्ययोजनामा उल्लिखित क्रियाकलापहरुको कार्यन्वयन गर्न नीजि क्षेत्रसगंको सहकार्यलाई प्रोत्साहन गरिनेछ । निजि क्षेत्रबाट संचालन हुन सक्ने कार्यहरु पहिचान गरि भईरहेका

कार्यहरु अर्न्तगत वा योजनागत रुपमा नीजि क्षेत्रलाई परिचालन गर्न सकिनेछ । नीजि क्षेत्रबाट भएका सहयोग र सहकार्यलाई कार्ययोजना कार्यन्यनमा नीजि क्षेत्रको आर्थिक योगदान अर्न्तगत रुपान्तरण गरिनेछ ।

५. कार्ययोजना कार्यन्वयनका लागि कुल प्रक्षेपणको प्रारम्भिक प्रतिवेदन अनुसार विकाशका साझेदारबाट कुल अनुदान अर्न्तगत  प्राप्त हुने खर्च र तिनै तहका सरकारबाट गरिने कुल खर्चलाई नेपाल सरकारको नियमित सरकारी कोषबाट विनियोजित गरी परिचालन गरिनेछ ।

## ग. वार्षिक तथा आवधिक योजनामा समावेश गरिने

१. सम्वन्धित जिम्मेवार मन्त्रालय/निकायबाट तयार भई आएको बार्षिक बजेट अनुमान विशेषत कार्यक्रम खर्च एवम् वित्तीय व्यवस्थापन सहितको कार्यगत र निकायगत रुपमा नीतिगत रुपछलफल गरिनेछ । सो बजेटको  सुनिश्चितता अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहयोग तथा समन्वय महाशाखा तथा बजेट तथा कार्यक्रम महाशाखा र सम्वन्धित मन्त्रालय/निकायको सहभागितामा गरिनेछ ।

२. यस कार्ययोजनाका क्रियाकलापहरुलाई कार्यान्वयन गर्न तोकिएका जिम्मेवार संघ, प्रदेशका विभिन्न मन्त्रालय र स्थानीय तह र निकायहरुले प्रत्येक बर्ष सम्पन्न गर्नु पर्ने कार्यहरुलाई प्राथमिकता अनुसार आ आफ्नो  वार्षिक योजना तथा आवधिक कार्यक्रम र बजेटमा समावेश गर्ने छन ।

३. राष्ट्रिय कार्ययोजनालाई बार्षिक तथा आवधिक योजना, वजेट तथा कार्यक्रममा समावेश गर्न प्रत्येक वर्ष योजना निर्माणको प्रक्रिया शुरु हुनु अगावै भईरहेका कार्यक्रमहरुको समीक्षा र आगामी कार्यक्रम तथा बजेटको खाका तयारीका लागि संघमा गृह मन्त्रालय, प्रदेशमा आन्तरिक मामिला तथा कानुन मन्त्रालय र स्थानीय तहमा सम्वन्धीत नगरपालिका वा गाँउपालिकाको संयोजनमा पुर्व बजेट गोष्ठि कार्यक्रम संचालन गरिनेछ ।

## घ. आवधिक योजनामा समावेश गरिने

१. सरकारको नियमित बजेट तथा योजनामा समावेस नभएका कार्यक्रमहरुलाई आवधिक योजना बनाई कार्यन्वयन गरिनेछ ।

२. संघीय तहमा आवधिक योजना निर्माणका लागि कार्यन्वयनका जिम्मेवार मन्त्रालय, निकायले योजना निर्माण गरी अर्थ मन्त्रालयको पुर्व स्विकृति लिई नेपाल सरकारको नियमित कोषबाट खर्च हुने गरी योजना संचालन गर्न सक्नेछन ।

३. प्रदेश र स्थानीय तहका जिम्मेवार निकायहरुले तततत तहमा संचालन गर्ने आवधिक योजनाहरुका लागि प्रदेश तथा संघीय सचिवालय मार्फत समन्वय र सहकार्य गरी अर्थ मन्त्रालयको पूर्व स्विकृति लिएर नियमित ट्रेजरीबाट खर्च हुने गरी योजना संचालन गर्न सक्नेछन ।

४. यस्ता आवधिक योजना निर्माणका लागि जिम्मेवार मन्त्रालय, निकायहरुले तहगत सचिवालयहरुसगं समन्वय गरी नियमित अनुगमन गर्ने प्रक्रिया, कार्य अवस्थाको नियमित जानकारी र सूचनाको सुनिश्चितताका लागि सहकार्य गरिनेछ ।

**ङ. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी सस्थाहरुसगंको सहकार्य:**

कार्ययोजनाको कार्यन्वयन गर्न तिनै तहका सरकारहरुले राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी सस्थाहरुसगं सहकार्य गर्न सक्नेछन । तर कार्य गर्ने स्थान, क्षेत्र, कुल सहयोग र लागत, समयावधि, लाभ प्राप्त गर्ने समुदाय र व्यक्तिहरुको सख्याँ र लाभका गुणस्तरहरुको सुनिश्चितताका लागि यस कार्ययोजना अर्न्तगतका संयन्त्रहरुलाई नियमित समन्वय सहजीकरण गरिने छ ।

## ११. अनुगमन तथा मूल्यांकन सम्वन्धी ब्यवस्था

१. कार्ययोजनामा प्रस्तावित कार्यक्रम कार्यान्वयन पश्चात प्राप्त हुने अपेक्षित परिणाम, त्यसको प्रतिफललाई मापन गर्ने सूचक, जिम्मेवार तथा सहयोगी निकायहरु, समय सीमा समेत निर्धारण गरिएको छ । यसैलाई आधार मानी कार्यान्वयनकै क्रममा कार्यक्रमहरुको नतिजामूलक अनुगमन (Result Based Monitoring) गर्ने व्यवस्था गरिएको छ । कार्ययोजना सम्पन्न भएको निश्चित अवधिपछि तिनको उपलब्धी र प्रभावहरु मापन गर्न अन्तिम अनुगमन तथा मूल्यांकन गरिने छ ।

२. कार्ययोजना कार्यन्वयनको प्रभावकारी अनुगमन तथा मूल्यांकनका लागि संघीय तहमा संवैधानिक आयोग, कार्ययोजनाका सरोकारवाला, द्वन्द्व प्रभावित संजालका प्रतिनिधी, मानव अधिकारकर्मी, महिला अधिकारकर्मी र गैरसरकारी संस्थाका प्रतिनिधीहरुको सहभागितालाई सुनिश्चित गरिने छ ।

३.प्रत्येक स्थानीय तहले आ आफ्नो जिम्मेवारीका कार्यहरु कार्यान्वयन गर्ने क्रममा चौमासिक तथा वार्षिक प्रगतिको प्रतिवेदन तयार गरी जिल्ला समन्वय समिति समक्ष नियमित प्रतिवेदन गर्नेछन । त्यस्तो

प्रतिवेदनमा कार्यान्वयनका क्रममा स्थानीय तहमा भएको प्रगति, सुझाव, असल अभ्यास, र कार्यन्वयनमा देखिएका चुनौतिहरु समावेश गरीनेछ ।

४. स्थानीय तहहरुबाट प्राप्त प्रतिवेदनहरुलाई जिल्ला कार्यान्वयन समिति मार्फत एकमुष्ट तयार गरी प्रदेश सचिवालयमा पेश गरिनेछ। यसरी पेश हुन आएको प्रतिवेदनलाई प्रदेश सचिवालयले प्रदेश निर्देशक समितिको बैठकमा पेश गरी समिक्षा गरिनेछ र आवश्यक निर्णय लिईनेछ ।

५. प्रदेश निर्देशक समितिमा छलफल तथा समीक्षा भई पारित प्रतिवेदनलाई प्रदेश सचिवालयले संघीय सचिवालयमा प्रतिवेदन गर्नेछन । यसरी प्राप्त प्रतिवेदनहरुलाई संघिय सचिवालयले एक राष्ट्रिय प्रतिवेदन तयार गरी संघीय निर्देशक समितिमा पेश गर्नेछ। संघीय निर्देशक समितिले सो प्रतिवेदनको समीक्षा गरी आवश्यक निर्णय गर्नेछ ।

६. कार्ययोजनाको कार्यान्वयन प्रक्रिया शुरुहुनु अगावै प्रस्तावित क्रियाकलापहरुको आधारभूत सवर्क्षेण गरिने छ । कार्ययोजनाको मध्य अवधिमा मध्यावधि अनुगमन तथा मुल्यांकन गरिने छ र कार्ययोजनाको कार्यन्वन सम्पन्न भए पश्चात अन्तिम मूल्यांकन गरिनेछ ।

७. राष्ट्रिय कार्ययोजना कार्यान्वयनको नियमित मूल्यांकन प्रतिवेदनको समीक्षा गरी आवश्यकता अनुसार कार्यायोजनाका कार्यक्रमहरु परिर्माजन गरिने छन ।

८. स्थानीय तह, प्रदेश र संघमा जिम्मेवार निकायहरुमा सम्पर्क व्यक्ति (Focal Person)को व्यवस्था गरी उनीहरुलाई कार्ययोजनाको कार्यान्वयन, अनुगमन तथा मूल्यांकनसंग सम्वन्धित विषयहरुमा जिम्मेवार बनाईनेछ ।

९. कार्ययोजना कार्यन्वयनका प्रगति, असल अभ्यास, जानकारी र सुचनाहरुलाई नियमित रुपमा वुलेटिन, जानकारी पुस्तिका तथा विभिन्न सुचनाहरु मर्फत तयार गरी प्रकाशन तथा सार्वजनिक गरिनेछ । कार्ययोजनाको समग्र समीक्षा गरी वार्षिक, मध्यावधि तथा अन्तिम अनुगमन तथा मूल्यांकन प्रतिवेदनहरु तयार गरी सार्वजनिकीरण गरिनेछ ।

१०. वार्षिक, मध्यावधि तथा अन्तिम अनुगमन तथा मूल्यांकनका लागि कार्ययोजनामा निदृष्ट गरिएका कार्यसम्पादन सुचकहरुलाई कार्य प्रगतीको आधार मानीनेछ। बार्षिक तथा मध्यावधि अनुगमन प्रतिवेदनका लागि कार्ययोजनामा उल्लिखित समयावधि र त्यस कार्यक्रममका कार्यसम्पादन सुचकहरुलाई आधार मानीनेछ ।

११.कार्ययोजनाका जिम्मेवार निकायहरुको वार्षिक कार्यक्रममा समावेश भई कार्यान्वयन भएका कार्ययोजना कार्यान्वयनसंग सम्वन्धित कार्यक्रमहरुको प्रगति विवरण नियमित रुपमा स्थानीय तह कार्यान्वयन समितिमा समीक्षा गरी सार्वाजनिक गरिनेछ । आवधिक योजना अर्न्तगत संचालित कार्यक्रमहरुलाई योजनामा उल्लिखित प्रक्रियाका अतिरिक्त नियमित प्रतिवेदनको रुपमा यसको समन्वय र सहजीकरण गरि रहेको समिति वा सचिवालयमा पेश गरिनेछ ।

१२. गैर सरकारी निकायहरुबाट संचालित कार्यक्रमहरुको प्रगती विवरणलाई नियमित रुपमा सम्वन्धित तहका समिति र सचिवालयमा प्राप्त हुने ब्यवस्था मिलाईनेछ ।

# उप समितिको संरचना

प्रत्येक स्थानीय तह अन्तर्गत नगरपालिकामा उपप्रमुख , गाउँपालिकामा उपाध्यक्ष वा महिला उप प्रमुख वा उपाध्यक्ष नभएको अवस्थामा कार्यपालिकाका महिला सदस्यको संयोजकत्वमा द्वन्द्व पिडित तथा प्रभावित बढिमा दुई जना महिला, एकजना मनोसामाजिक परामर्शदाता र महिला विकास शाखाका प्रमुख गरि पाँच सदस्यीय **"द्वन्द्व पीडित तथा प्रभावित महिला तथा बालिकाको समष्टिगत आवश्यकता पहिचान उपसमिति"** रहनेछ। साथै, दुईजना द्वन्द्वपीडित तथा प्रभावित महिलामध्ये तत्कालिन राज्य पक्ष र तत्कालिन विद्रोही पक्षबाट पिडित एक एकजना प्रतीनिधि रहनेछन्।

## उप समितिको कार्य जिम्मेवारी

१) नगरपालिका र गाउँपालिकामा रहेका द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसाका पीडित तथा प्रभावित महिलाको पहिचान गर्ने।

२) पहिचान गरिएका द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसाका पीडित तथा प्रभावित महिलाको Coding विधि प्रयोग गरी खण्डीकृत तथ्यांक सहितको लगत विवरण तयार पार्ने।

३) लगत विवरण अनुसारको सूचनालाई हिंसाको प्रकृतिको आधारमा गोपनियता र सुरक्षा सुनिश्चित तथ्यांक सुरक्षित गर्ने।

४)प्राप्त तथ्यांक विवरणबाट द्वन्द्वकालीन यौनजन्य हिंसाका पीडित तथा प्रभावित महिलाको छुट्टै सूची तयार गर्ने।

५) द्वन्द्वकालीन यौनजन्य हिंसाका पीडित तथा प्रभावित महिलाको तत्कालीन र दिर्घकालीन आवश्यकता पहिचान गर्ने।।

६) बुँदा नं ४ बमोजिम सूचीकृत भएका महिलाको पूर्व स्विकृति र सहमतीमा बुँदा नं ५ बमोजिम माग भएका आवश्यकताहरुलाई अभिलेखीकरण गर्ने।

७) पहिचान गरिएका अत्यावश्यकीय स्वास्थ्य सम्बन्धी समस्याहरुको तत्कालै उपचारका लागि सम्वन्धित स्वास्थ्य संस्था वा निकायमा सिफारिस (Referral) गर्ने।

८) माग भएका आवश्यकताहरुलाई तत्कालीन तथा दिर्घकालीन आवश्यकताका आधारमा वर्गीकरण गर्ने।

९) तत्कालीन तथा दिर्घकालीन आधारमा वर्गीकरण गरिएका आवश्यकताहरुलाई आवश्यकता अनुसार विषय विज्ञहरुको सहयोगमा योजना तथा कार्यक्रम तयार पार्ने।

१०) तयार पारिएको योजना तथा कार्यक्रम राष्ट्रिय कार्ययोजना स्थानीय कार्यान्वयन समितिमा स्थानीय तहको वार्षिक योजनामा समावेश गर्नका लागि सिफारिस गर्ने ।

११) यस उपसमितिको कार्य जिम्मेवारी  स्थानीय तह कार्यान्वयन समितिले आवश्यकता अनुसार थप गर्न सक्नेछ ।